स्थानीय क्षेत्रको बलियो आधार

स्थानीय सरोकार
मासिक

वर्ष १ अङ्क ४ कार्तिक २०८० **LOCAL CONCERNS** A MONTHLY MAGAZINE

विकास निर्माण, समृद्धि र पुन:निर्माणमा स्थानीय सरकारको बलियो आधार

अन्यायका बिरुद्ध सधैं खरो रूपमा उत्रने DSP गोविन्द पन्थी ।

निगरानी

Jaya Multiple Campus

+2

Management
Humanities
Science
Law
NEB

BA/BBS
BASW/BCA
BBM
MBS
Affiliated to TU

Gokarneshwor-8, Makalbari
Kathmandu, Nepal
Tel: 5134140, 5134081
E-mail: info@jmcampus.edu.np

www.jmcampus.edu.np

यस अङ्कभित्र

एनआईसी एशिया “बैंक पनि साथी पनि” नारा पवित्र काम अपवित्र
-जीवन शर्मा
८

दशैंमा कमाएको रकम पनि बैंकमा जम्मा गरेनन् व्यापारीले
१६

विदेशी ऋणले कहिलेसम्म देश धान्ने, खर्च कटौतीतिर पनि लाग्ने कि ?

१८

सहकारी सञ्चालकहरूको नयाँ प्लान : बचत फिर्ता नगर्ने, मन्त्री, सचिवलाई प्रलोभनमा पार्ने !
२४

सरकारको बेवास्ताले थप उग्र बन्न सक्छ दुर्गा प्रसाईंको आन्दोलन !
३०

प्रकाशक
निगरानी दैनिक मिडिया प्रा. लि.

अध्यक्ष
निर्मला दंगाल

प्रधान सम्पादक
जीवन शर्मा

सम्पादक
नर बहादूर तामाङ

सह–सम्पादक
शालिकराम भट्ट

संवाददाता
रुद्र ढुंगाना
तनबिर अन्सारी
कोपिला कोइराला

सल्लाहकार
डा. श्रीकृष्ण वाग्ले
रामचन्द्र लामिछाने
दर्शनाचार्य लक्ष्मीप्रसाद ढकाल

कानुनी सल्लाहकार
अधिवक्ता कृष्ण प्रसाद भट्टराई

फोटो पत्रकार
सरोज राई

कार्यालय
चावहिल-७, काठमाडौं
फोन : ०१-५९१९५४४, ९८२-३००५००१
ई-मेल : news.nigranidainik@gmail.com
www.nigranidainik.com
मूल्य रु. १००/-

कम्प्यूटर ले-आउट
क्रिस्जल डिजाईन हाउस
बालुवाटार, काठमाडौं

मुद्रण
युनिक प्रिन्ट हाउस प्रा. लि.
काठमाडौं-७, चावहिल

सम्पादकीय

स्थानीय सरकारबाट जनताले के पाउने ?

पछिल्लो समय देश संघीयतामा गएसँगै देशमा स्थानीय सरकार को प्रभावकारिता बढ्दै गएको छ । स्थानीय सरकाराको पहिलो कार्यकालले जनतालाई केही हदसम्म भएपनि आफ्नो उपस्थिति जनताका लागि नै हो भन्ने भान दिएको छ । समग्र रुपमा हेर्ने हो भने स्थानीय सरकार र जनता बीचको सम्बन्ध अत्यन्त महत्त्वपूर्ण छ र यसले नेपाली जनताको जीवनमा सीधा प्रभाव गरेको छ । यो सम्बन्धले स्थानीय स्तरका निर्णयहरूमा र सार्वजनिक नीति निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको छ, जसले नेपाली जनताको स्वतन्त्रता र अधिकारमा सहारा पनि प्रदान गरेको छ ।

स्वायत्तता र निर्णय साधन : स्थानीय सरकार जनता बीचको सम्बन्धमा स्वायत्तता छ जसले जनताले आफ्ना समस्या र आवश्यकताहरूमा स्वयं निर्णय गर्नमा सहायक भूमिका खेलेको छ । यसले लोकतान्त्रिक प्रक्रियाहरूमा सहारा पनि प्रदान गर्दछ जसले जनता लागि ठूलो महत्त्वपूर्ण भूमिका खेल्छ ।

नागरिक सहभागिता : स्थानीय सरकारले जनता लागि नागरिक सहभागितामा आस्वस्थ पनि गरेको छ, जसले जनतालाई निर्णय निर्माणमा सकारात्मक बनाउँछ र सहभागिताको भावना राख्दछ ।

सार्वजनिक सेवा प्रदान : स्थानीय सरकारले नागरिकहरूलाई सार्वजनिक सेवाहरू प्रदान गरि जीवनका विभिन्न क्षेत्रहरूमा सुधार गरेको छ। यसले जनतालाई शिक्षा, स्वास्थ्य सेवा, पुनर्निर्माण, र स्थानीय अर्थतन्त्रमा सुधार गर्न साहयक बनाउँछ ।

समाज संरचना र उन्नति : स्थानीय सरकारले समाज र अर्थतन्त्रमा उन्नति गराउन सहयोग पनि गरेको छ। यसले जनताले आफ्नो जीवनमा सुधार गर्न र सामाजिक परिवर्तनमा सहायक बनाउँछ ।

प्रशासनिक प्रशिक्षण र शिक्षा : स्थानीय सरकारले स्थानीय अधिकारीहरूलाई अनुकरणयोग्यता, नैतिकता, र शिक्षा प्रदान गर्दछ जसले तिनीहरूलाई सार्वजनिक सेवामा उत्कृष्टता प्रदान गर्दछ । माथि उल्लेखित विषयहरू उदाहरण मात्र हुन । स्थानीय तहबाट जनताले देशमा सरकारको उपस्थिति महसुस गरिरहेका छन् । धेरै कामहरू सोचेअनुरुप हुन नसके पनि जनताले पाउनु पर्ने सेवा सुविधाहरू क्रमिक रुपमा प्राप्त गर्दै गएका छन् । यसका अलावा जनताले स्थानीय सरकारबाट आश गरेको स्थायित्व पाउने क्रम पनि बढेको छ । पाँच वर्षकालागि एउटा नेतृत्वले काम गर्दा चाहे जे पनि गर्न सक्छ भन्ने विभिन्न उदाहरणहरू पनि बन्दै गएका छन् ।

आवरण

कानुन सबैलाई समानरूपमा लागु हुनु पर्छ भन्ने हो सर्वोत्कृष्ट DSP गोविन्द पन्थी ।

गत कात्तिकमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले प्रहरी नायब उपरीक्षक गोविन्द पन्थीलाई उत्कृष्ट कार्य गरेको भन्दै सर्वोत्कृष्ट प्रहरी घोषित गऱ्यो ।

उपत्यकाका तीनवटा जिल्लामा हुने अपराधका घटनाहरूको अनुसन्धानको जिम्मेवारी पाएको महाशाखाले डिएसपी पन्थीलाई गत कात्तिक महिनामा उत्कृष्ट कार्यसम्पादन गरेको भन्दै सर्वोत्कृष्ट प्रहरीको उपाधि प्रदान गऱ्यो । सायद यसरी डिएसपी तहमा यस्तो पुरस्कारबाट पुरस्कृत हुने पन्थी नै पहिलो हुनुहुन्छ ।

महाशाखामा 'पिलर-८' को जिम्मेवारी सम्हाल्दै आउनुभएका पन्थीले काम गर्ने पिलरले वैदेशिक रोजगारीमा हुने ठगी सम्बन्धी अपराधहरूको अनुसन्धान गर्ने गर्दछ । आश्विन १९ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयबाट शंकास्पद कागजात बनाएर विदेश जाँदै गरेका युवायुवतीहरूलाई फर्काइयो । पछि उक्त कागजात उपत्यका अपराध अनुसन्धान कार्यालयमा आए पछि उक्त कागजातको अनुसन्धान गर्ने जिम्मेवारी पन्थी नेतृत्वको टोलीले प्राप्त गऱ्यो । भिजिट भिसामा विदेश जाने क्रममा शंकास्पद कागजपत्रको आधारमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट फर्काइएका व्यक्तिहरूका लागि नक्कली कागजात बनाइदिने गिरोहको नै पहिचान गरि त्यस्तो मानव तस्करीमा संलग्न दलाल, ट्राभल एजेन्सी, कन्सलटेन्सी र अध्यागमन कार्यालयका कर्मचारी समेतको मिलेमतोमा भएको अनुसन्धानबाट खुलेपछि ४० जनालाई पक्राउ गरि सङ्गठित अपराधमा उक्त टोलीले अनुसन्धान गरिरहेको छ ।

उक्त गिरोहबाट ठूलो मात्रामा नक्कली सर्टिफिकेट, प्रहरी रिपोर्ट, श्रम स्वीकृति तथा विभिन्न सरकारी छाप लगायतका कागजात समेत बरामद गरि प्रहरीले सार्वजनिक गरेको थियो ।

यो त एउटा पछिल्लो घटना भयो । यो बाहेक डिएसपी पन्थीले उपत्यका अपराध अनुसंधान कार्यालयको पिलर एक (जसले जघन्य अपराधको अनुसन्धान गर्छ) मा रहँदा कपनमा निरा पाण्डे जसको दिउँसै पसलमा हत्या गरि लुटपाट गरिएको थियो उक्त केसको सफल अनुसन्धान गरि हत्यामा संलग्नलाई पक्राउ गर्न सफल भै पुरस्कृत हुनुभएको थियो । त्यस्तै तार्केश्वरको जङ्गलमा

९० वर्षको वृद्ध डिल्ली पोदारलाई विभत्स रुपमा हत्या गर्ने नरेन्द्र शिव भक्ति र दशैंको दिनमा काठमाडौंको रामघाटमा भारतीय नागरिक दिलिप आदकलाई हत्या गरि सिरकले छोपी चाबी लगाई भागेकोमा गन्हाएपछि थाहा पाएर खबर प्राप्त गरेकोमा पन्थी नेतृत्व कै टोलीले हत्या गर्ने श्रीलाल ठाकुरको पहिचान गरि पक्राउ

आवरण

गर्न सफल भएको थियो । उहाँले देशका विभिन्न स्थानमा आफू खटिँदा उदाहरणीय काम गर्नु भएको छ । जसले प्रहरी भनेको डिएसपी पन्थी जस्तो हुनुपर्छ भन्ने मान्यता स्थापित गरेको छ ।

को हुन डिएसपी पन्थी ?

२०३१ फागुन १६ गते गुल्मीको साविक भनभने गा.वि.स.-२ (हाल मदाने गाउँपालिका ७) मा पिता सोभाखर पन्थी थियो । तत्पश्चात पन्थी काठमाडौं आएर नेपाल ल क्याम्पसमा भर्ना हुनुभयो ।

प्रहरी बन्ने सोच उहाँमा पहिलेदेखि नै आएको भने होइन । उहाँ वकिल वा न्यायाधीश बन्ने ध्येयमा हुनुहुन्थ्यो। २०५१ सालमा प्रहरी सहायक निरीक्षक पदका लागि ख्यालख्यालैमा परीक्षा दिनुभएको उहाँ पास भएपछि जागिर खाने वा नखाने सोचमा

तत्कालीन रास्ट्रपति बिद्या देवि भन्डारीबाट प्रबल जनसेवा श्री पुरस्कार ग्रहण गर्दै तत्कालीन **inspector** पन्थी ।

र माता निमाकुमारी पन्थीको पाँचौ सन्तानका रुपमा जन्मिनुभएका डिसपी पन्थीका दुई दाजुहरू र दुई दिदीहरू हुनुहुन्छ ।

त्यसमध्ये जेठो दाइले निजामती कर्मचारीमा अवकाश प्राप्त गरेर बसिरहनुभएको छ भने माइलो दाइ नर्वेजियन युनिभर्सिटी साइन्स एण्ड टेक्नोलोजीमा प्रोफेसर हुनुहुन्छ । दुई दिदीहरू विवाहपछि आफ्नै घरायसी काममा व्यस्त हुनुहुन्छ । डिएसपी पन्थीले गुल्मी रेसुङ्गा नगरपालिका ७ का मित्र लाल मरासिनी र लक्ष्मी मरासिनीको दोस्रो सन्तान को रुपमा जन्मिएकी शारदा मरासिनीसँग २०६० सालमा विवाह गर्नु भएको हो। उहाँको एक छोरा गौरव र छोरी स्मृति अध्ययनरत छन् भने श्रीमती शारदा नेपाल सरकारको अधिकृत हुनुहुन्छ। पढाइमा औसत पन्थी पहिलो भने कहिले पनि हुनु भएन। दोश्रोसम्म भने प्राय भइरहने उहाँले कक्षा सात सम्मको पढाइ भनभने स्थित दिपक नि.मा.वि.मा गर्नुभएको हो भने १० कक्षासम्म पृथ्वी मा.वि. पुर्कोटदहमा पढ्नु भएको हो । उहाँले २०४७ सालमा एस.एल.सी. पास गर्नुभएको पर्नुभयो। घरमा त्यतिबेलासम्म प्रहरीमा जागिर खाने उहाँको साखा सन्तान कोही पनि नभएकाले दाजुको सल्लाहमा उहाँ प्रहरीमा भर्ना हुनुभएको हो ।

प्रहरीमा नियुक्त भएपछि अहिलेसम्म यस्तो छ डिएसपी पन्थीको व्यवसायिक जीवन :

२०५१ भदौ १६ गते प्रहरीमा जुनियर प्रहरी अधिकृतको रुपमा नियुक्त हुनुभएको पन्थीको पहिलो पोस्टिङ २०५२ फागुनमा बैतडीमा भएको थियो । तर उहाँ बैतडी भन्दा पनि काजमा रुपन्देहीमा बस्नुभयो। २०५३ सालमा बैतडी पुगेर ६ महिना बस्दा त्यहाँका मदिरा सेवन गरेमा ३ हजार जरिवाना तोकिएको रहेछ । कानुन सबैलाई बराबर लागू हुनुपर्छ भन्ने मान्यता बोकेका पन्थीले त्यतिबेला त्यो कानुन निरीहमा मात्र लागू भएको देख्नुभयो ।

त्यतिबेला त्यहाँका खानदानी ७ जनालाई मदिरासेवन गरिरहेको बेलामा रंगेहात पत्राउ गरि कानुनी दायरामा ल्याउनु भएको थियो । ठकुरीहरूको दबदबा रहेको क्षेत्रमा मादकपदार्थ सेवन

आवरण

गरेकोमा उनीहरूलाई पक्राउ गरेर लैजाँदा प्रमुख जिल्ला अधिकारी नै अचम्मित हुँदै उहाँहरूलाई किन ल्याएको भन्दै डिएसपीलाई खबर गरेकोमा पछि पक्राउ पर्नेहरूले नै हामीले नै नियम बनाएको र हामीले नै नियम तोडेकाले अब हामी अन्यलाई हुने भन्दा थप ५०० जरिवाना तिर्छौं भनेपछि ३५०० जरिवाना तिराएर छाडिएको थियो । त्यसरी उच्च खानदान वर्गलाई पन्थीले समातेर कानुनी दायरामा ल्याएपछि राजाहरूलाई समेत समात्ने प्रहरी अधिकृत कस्तो रहेछन् भन्दै गाउँगाउँबाट मानिस पन्थीलाई हेर्न आएकोमा उहाँ अचम्मित हुनु भएको रहेछ ।

त्यसपछि सरुवा भएर नवलपरासीमा आउदा त्यहाँ पनि निकै नै रमाइलो घटना भयो । कसैलाई नियन्त्रणमा लिँदा ट्रक व्यवसायीले हडताल गरेर राजमार्ग नै बन्द गरिदिए र त्यतिबेला

साखु प्रहरी प्रभागमा खटिदा उत्कृष्ट कार्य गरेको भन्दै शन्खरापुर नगर पालिकाका मेयर शुबर्ण श्रेष्ठ बाट २५००० नगद सहित प्रशंसा-पत्र ग्रहण गर्दै तत्कालीन ष्लकउभअतयच गोविन्द पन्थी ।

असई पन्थीको सरुवा नभएसम्म हडताल नरोक्ने अडान राखे । पूर्व पश्चिम राजमार्ग नै बन्द भएपछि प्रहरी कार्यालयले उहाँलाई पर्वत सरुवा गऱ्यो । जब व्यवसायीको हड्तालले पन्थीको सरुवा भयो भन्ने स्थानीयले जानकारी पाए त्यसपछि स्थानीयबाट पन्थी पहिला रहेकै स्थान दुम्किबास नफर्के सम्म भन्दै अनिश्चितकालिन राजमार्ग बन्द गरे । स्थानीयले उही पन्थी चाहियो भनेर माग गरे । तत्पश्चात पन्थीको सरुवा रद्द गरि उहाँलाई यथाबत कायम गरियो । उहाँको २०५६ सालमा काठमाडौंको सुगम स्थानमा सरुवा भयो तर स्वाभिमानी स्वभावका उहाँलाई त्यस्ता ठाउँमा राख्ने कुरै भएन उहाँको इलाका प्रहरी कार्यालय गोटिखेल, टुंगुन काज गरियो जहाँ माओवादी द्वन्द्व प्रभावित एरिया भएकोले मासिक १५०० भत्ता समेत हुन्थ्यो । उहाँले रमाएर स्थानीयको सहकार्यमा काम गर्नुभयो । जिल्ला प्रमुखसँग कुरा नमिले पछि उहाँको इलाका प्रहरी कार्यालय सिमरा बारामा सरुवा भयो । त्यहाँ पनि पन्थीलाई माओवादी प्रभावित क्षेत्र फत्तेपुर चौकी प्रमुख बनाएर पठाइयो त्यहाँ आफ्नो व्यवसायिक काम गर्नुभएका पन्थीले माओवादीको आक्रमण गर्ने सूचना जनताबाट पाएपछि माथिल्लो निकायमा खबर गर्नुभयो । तर माथिबाट गम्भीर रेस्पोन्स भएन । तर स्थानीयहरूले भने पन्थीको नेतृत्वमा रहेको चौकीको सुरक्षा गर्न भन्दै चौकीमा जम्मा भै माओवादीको प्रतिकार गर्नका लागि प्रहरी चौकी आइपुगे । त्यो सूचना माओवादीले पाएपछि १० दिनको अल्टिमेटम दिएर आधार क्षेत्र बानाएरै छाड्ने भन्दै आक्रमण नगरी फर्कन पुगे । त्यस घटनालाई जनताले साथ दिए र चाहेभने जस्तोसुकै घटना पनि जनताले रोक्न सक्छन भन्ने उदाहरणका रुपमा लिनुहुन्छ डिएसपी पन्थी ।

त्यतिबेला असई पन्थीको २०५८ सालमा प्युठान रहँदै बढुवा भयो र पर्वत पोस्टिङ् हुन पुग्यो । जहाँ गए पनि जनतासँग नजिक रहेर काम गर्ने स्वभावका पन्थीलाई पर्वतका जनताले अहिले पनि निकै सम्भिन्छन् । २०६० सालमा काठमाडौं आएपछि तत्कालीन एसपी राजेन्द्र सिंह भण्डारी (हाल अवकास प्राप्त एआइजिपी) को कमाण्डमा रहेर काम गर्ने अवसर पाउनुभएका पन्थीले तत्कालीन अख्तियार प्रमुख आयुक्त सूर्यनाथ उपाध्यायको सहकार्यमा ठूला ठूला ओहदाका मानिसलाई कारवाही गर्ने समूहमा काम गर्ने मौका पाउनुभएको थियो । पन्थीले राष्ट्रिय सभाको प्रमुख सचेतक शुक्र बहादुर लिम्बु, सांसद जीवन सिंहलगायतलाई रातो पासपोर्ट मुद्दामा कारवाही गर्नुभयो । २०७० सालमा निरीक्षकमा नियुक्त भएपछि उहाँले अर्घाखाँचीमा संसदीय निर्वाचन सफलता पूर्ण सम्पन्न गर्नुका साथै मसिनेको लेकमा विमान दुर्घटना हुँदा उहाँकै पहलमा हवाइजहाज पत्ता लागाएर चर्चा पाउनुभएको थियो । त्यस्तै

DSP गोविन्द पन्थी र शाखा अधिकृत शारदा पन्थीको जोडी

कर्तव्य ज्यानका अपराधी जोगी बनेर गुल्मीको ऋणि मन्दिरमा पुजारी बनेर बसेकोलाई समेत नियन्त्रणमा लिएर वाहवाहीको पात्र बन्नुका साथै प्रहरीले चाहेमा जहाँबाट पनि जहिले पनि समात्छ भन्ने कुरा पुष्टि भएको थियो । उहाँ गाउँगाउँमा जनचेतनामूलक

आवरण

कार्यक्रम गरेर स्थानीयको आँखाको नानी बन्न समेत सफल हुनु भएको थियो । त्यसपछि अपराध महाशाखामा २०७१ सालमा प्रहरी निरीक्षकको रुपमा काम गर्नुभयो । त्यतिबेला म्याच फिक्सिङ, पेट्रोल पम्पमा मिटर बिगारेर राख्ने, वैदेशिक ठगी, कन्सल्टेन्सीबाट ठगी गर्ने उपर निर्दयी भएर कारबाही गर्दा नै तत्कालीन एसएसपी सर्वेन्द्र खनाल, पन्थीको व्यवसायिकताबाट प्रभाबित बन्नु भयो । त्यसपछि प्रहरी प्रभाग पुल्चोकमा पोस्टिङ हुनुभएका पन्थीलाई फेरि फसाउन प्रयत्न गरियो । कारण थियो उनको स्वाभिमान स्वभाव । घटना थियो आफ्नै पार्टनरलाई पैसा उठाउने निहुँमा निजको श्रीमती सुनिता डंगोललाई बन्धक बनाइएको घटना ।

‘फाँसी चढ्न तयार छु’

कानुन सबैलाई समानरूपमा लागु हुन्छ भनी २० वर्ष अगाडि ल क्याम्पसमा पढे लेखेका कुरा निरन्तर लागू गरेकोमा आज एकाएक न्युजबाट आफ्नै फोटो हाली निलम्बनको लागी प्रहरी प्रधान कार्यालयले गृह मन्त्रालयमा पत्राचार गरेको न्युज पढ्नु पर्दा हालसम्म आफू ठुलो भ्रममा रहेको प्रमाणित भयो। र संगठन प्रति नै दयालागेर आयो। म प्रति लागेका काल्पनिकै भएपनि आरोप के के हुन् जान्न पाउने अधिकार मलाई हुनुपर्ने होइन र ? के मेरो देशको कानुन कार्यान्वयन गर्ने निकाय कानुन अनुसार चल्नु पर्दैन ? मैले आफ्नो कार्यक्षेत्रमा अनियमिततागरि कसैसँग रकम मागेको, असुलेको प्रमाणित कसैले गरोस्। जागिर त के फाँसीमा चढ्न तयार छु।

तत्कालीन Inspector गोविन्द पन्थीले आफु दोषी सावित भए फाँसीमा चढ्न तयार छु भन्दै सामाजिक सञ्जाल फेसबुकमा दिएको अभिव्यक्ति ।।

श्रीमती बन्धक भए पछि उनका श्रीमान डराइ डराइ पन्थी रहेको प्रभाग मा आए । डराउनुको कारण थियो बन्धक बनाउने व्यक्ति उच्चपदस्थ व्यक्तिसँग हिमचिम भएका र पन्थीका समेत चिनजानका साथी । तर व्यवसायिक छवि बनाउनु भएका पन्थीले उनका कुरा राम्रोसँग सुन्नुभयो । कुरा सुन्दा गैर कानुनी कार्य देखेर उहाँले आफ्नो साथीलाई कानुन सम्झाए तर उनले त्यसलाई वेवास्ता गर्दा पन्थीले कानुन बमोजिम कारबाहीको दायरामा आफ्नै साथीलाई पनि ल्याउन कन्जुस्याइँ गर्नुभएन र आफ्नो कर्तव्य नभुली अभियुक्तलाई पत्राउ समेत गर्नुभयो । धुर्त अभियुक्त जो प्रहरीको उच्च पदस्थसँग समेत राम्रै हिमचिम राख्दथे । उनी २५ दिनको हिरासत बसेर पीडितलाई होस्टाइल गराई छुटेर पन्थीलाई बदला लिन कस्सिएर लागे र सामदाम सबै अपनाएर काल्पनिक कुरा गुथेर अधिकारीहरूलाई प्रभावमा पारेर पन्थीको जागिरै खाने कसम खाएर तत्कालीन महानिरीक्षक प्रकाश अर्याललाई प्रभावमा पारेर सबै चाँजोपाँजो मिलाएर नियोजित रुपमा उजुरी हाल्न पुगे । त्यसपछि पन्थीलाई एकाएक हेडक्वाटरको उजुरी छानविन शाखाबाट फोन आयो । जाँदा तपाईलाई यही राख्ने आदेश छ भनेर गणमा पठाइयो र उहाँलाई १४ दिनसम्म गणबाट बाहिर समेत आउन दिइएन । बाहिर निस्कन नदिएपछि फेसबुकमा उहाँले ‘ कानुन सबैका लागि समान रहने कानुनको विद्यार्थी भएकोले आफूले पढेको र त्यही कार्यान्वयन गरेको त्यसो गर्दा आफ्ना र अरुकालाई छुट्टै कानुन नहुने, तर त्यो सायद भ्रम रहेछ ! ठूलाबढालाई छुट्टै कानुन हुने रहेछ त ! आफूलाई सुनुवाइको समेत मौका नदिएर निलम्बनको पत्र गृहमा गएको खबर सञ्चारमाध्यमबाट थाहा पाउँदा संगठनप्रति नै दया लाएर आयो । पुल्चोक रहँदा बस्दा कसैसँग गलत कार्य गरेको प्रमाणित कसैले गर्छ भने “जागिर त के फाँसीमा चढ्न समेत तयार छु” भन्ने कडा स्टाटस लेख्नुभयो । स्टाटसको देशव्यापी बहस हुन पुग्यो भने पुल्चोक र पाटनका विद्यार्थीले पन्थीको सपोर्टमा जुलुस निकाल्ने तयारी थाल्दा गृहबाट छानबिन समिति गठन भै उहाँलाई अनाहकमा कारबाही गर्ने उपर कारबाही गरि नतिजा जाहेर गर्नु भनी मन्त्रालयले प्रहरी प्रधान कार्यालयलाई पत्राचार गरेपछि संगठनमै तरंग ल्याउन पुग्यो र पन्थीलाई राष्ट्रपतिबाट पुरस्कार प्रदान गरियो । पछि पन्थीलाई आइजिपी सर्वेन्द्र खनालले प्रहरीको मुटु मानिने कर्मचारी प्रशासन शाखामा लगेर राख्दा पन्थीले आइजिपीको सुधार योजनामा दरिलो साथ दिनुभयो । फलतः तल्लो स्तरको प्रहरी कर्मचारीको आँखाको नानी बन्न पुग्नुभयो पन्थी ।

त्यसपछि उहाँ प्रहरी प्रभाग साँखु जानुभयो । साँखु शहरमा भएपनि अलि विकट जस्तै थियो । त्यहाँ कोरोनाको समयमा जनताको स्वास्थ्यका लागि काम गर्नुभएका उहाँले एकै वर्षमा पाँचवटा पुरस्कार पाउनुभयो । सायद स्थानीय तहबाट ठूलो धनराशीको पुरस्कार सहित प्रशंसापत्र पाउने पन्थी नै नेपाल प्रहरीको पहिलो अधिकारी हुनुहुन्छ । त्यहाँ छँदा एउटा सामान्य क्लुबाट अनुसन्धान गर्नुभएको उहाँले बीच बजारमा मध्यराती मानिसलाई हानेर भागेको एउटा ट्रकलाई नाकाबन्दी गरेर समात्नुभएको थियो भने महिलालाई लुटेर भागेको लुटेरालाई उहाँकै नेतृत्वले जनतासँग सहकार्य गरेर पत्राउ गर्न सफल भएको थियो ।

यसरी हाल उपत्यका अपराध अनुसन्धान महाशाखाको पिल्लर ८ सम्हाल्न आइपुग्नुभएका डिएसपी पन्थीले वैदेशिक

आवरण

रोजगारीका नाममा ठगीमा परेकाहरूको उद्धार गरि पिडित युवा युवतीलाई राहत दिन दत्त चित्त हुनुभएको छ ।

पछिल्लो समय नक्कली कागजात बनाउने गिरोह नै पत्ता लगाएर कारखानाको पहिचान गरि ठूलो मात्रामा कारबाही हुँदै आएको छ । डिएसपी पन्थीलाई **'Right Man in Right Place'** गरि अवसर दिने काम हाल उपत्यका अपराध अनुसन्धान कार्यालयका एसएसपी सोमेन्द्र सिंह राठौरले दिनु भएको हो । उहाँ संगठनमा एक व्यवसायिक र काबिल अधिकृतको रुपमा दर्ज हुनुहुन्छ । एसएसपी सोमेन्द्र सिंहकै कमाण्डको टोली उपत्यकाको सुरक्षा चुस्त र दुरुस्त राख्न सफल देखिन्छ । फौजी संगठन नेपाल प्रहरीमा माथिबाट आएको आदेशलाई पालना गर्नै पर्ने बाध्यता हुन्छ । तै पनि कतिपय समय डिएसपी पन्थीले आदेश भन्दा पनि प्रहरीको कर्तव्यलाई माथि राख्दै आउनुभएको छ । जसका कारण बेलाबेला उहाँलाई समस्यामा पार्ने गर्दा पनि उहाँ समस्यामा पार्नेको विरुद्ध स्वाभिमानपूर्वक भिड्दै असत्यलाई असत्यनै सावित गर्न सफल हुनु भएको छ ।

अहिलेको परिवेशलाई हेर्ने हो भने वैदेशिक रोजगारीमा जाने अधिकांश आफन्त र वैदेशिक रोजगार कम्पनी, ट्राभल एजेन्सी, एजुकेसन कन्सल्टेन्सी र दलालबाट ठगिने गरेका छन् । यो क्रम बढ्दो छ ।

वैदेशिक रोजगार विभागका अनुसार आ.व. २०७८/७९मा वैदेशिक रोजगारीका क्रममा ठगी भएका एक हजार ७४२ वटा उजुरी परेका छन् । अघिल्लो आर्थिक वर्ष यस्तै प्रकृतिका ७८० वटा उजुरी परेका थिए । पछिल्लो दुई वर्षको तथ्याङ्क हेर्दा उजुरीको संख्या दोब्बरभन्दा बढी भएको हो ।

वैदेशिक रोजगारीका क्रममा ठगीमा परे भनेर आउने उजुरी सबैभन्दा बढी संस्थागततर्फका भए पनि ठगीको रकम तुलना गर्दा व्यक्तिगतकै बढी हुने गरेको पाइन्छ । व्यक्तिगत रूपमा हुने ठगीमा युरोप, अमेरिका, अस्ट्रेलियालगायतका देशमा पठाउने भन्दै पढेलेखेकै व्यक्ति पीडित हुने गरेको र रकम पनि ठूलो परिणामको हुने गरेको कारण यस्ता अपराध नियन्त्रण गर्न वैदेशिक रोजगार विभागले मात्र नसक्ने भएपछि उपत्यका अपराध अनुसन्धान कार्यालयले पिलर ८ स्थापना गरि यी मुद्दाको अनुसन्धान गर्दै आएको डिएसपी पन्थी बताउनुहुन्छ । उहाँको अनुसार महिनामा औसत विभागबाट १०० पत्राउ पुर्जी आउने र विभागले वैदेशिक लेखेको बाहेक उजुरी नलिइदिने हुँदा आफूहरूले पीडितका प्रमाण समेत खोजिदिइ प्रमाण जुटाएर उजुरी लिने गर्दा कम्तीमा १० उजुरी दैनिक आउने र पीडितको समस्या राज्यका कुनै न कुनै निकायले हेरिदिनुनै पर्ने उहाँको भनाई छ ।

मेनपावर संस्था, कन्सल्टेन्सी, ट्राभल एजेन्सीबाट ठगिए पनि सबैभन्दा बढी एजेन्टबाट ठगिने गरेको घटनाहरूमा पछिल्लो समय आफूले अनुसन्धान गरिरहेको उहाँले जानकारी दिनुभयो । खाडी र मलेसिया जाने श्रमिकभन्दा अमेरिका, क्यानडा, पोर्चुगल, पोल्यान्डजस्ता देश पठाइदिन्छु भन्दै लाखौं रुपियाँ ठगीमा परेकाको संख्या पनि ठूलो छ ।

वैदेशिक रोजगारीका नाममा ठगिनेहरूका लागि न्याय दिलाउन हरपल लागीपरिरहनु भएका डिएसपी पन्थी आफ्नो अवकाशपछि कानुनको विद्यार्थी रहेको हुँदा अधिवक्ता बनेर पीडितको सेवा गर्ने र सामाजिक कार्य गर्ने उद्देश्यमा हुनुहुन्छ । यसका लागि उहाँले भित्री तयारी पनि गरिसक्नुभएको छ ।

-प्रस्तुति : शालिक भट्ट

निगरानी ब्यूरो

एनआईसी एशिया बैंक पनि साथी पनि !

नारा पवित्र काम अपवित्र

एनआईसी एशिया बैंक लिमिटेड नेपाल औद्योगिक तथा वाणिज्य बैंकको रुपमा सन् १९९८ जुलाई २१ मा स्थापना भएको हो । बैंक अफ एशियासँग गाभिएपछि सन् २०१३ जुन ३० मा यसको नाम परिवर्तन गरि एनआईसी एशिया बैंक राखिएको थियो । नेपालको बैंकिङ इतिहासमा दुई वाणिज्य बैंक बीचको पहिलो मर्जर थियो यो एनआईसी एशिया बैंक । मर्जर पछि, **NIC ASIA** लाई द बैंकर, फाइनान्सियल टाइम्स, युकेद्वारा "बैंक अफ द इयर २०१३-नेपाल" को रूपमा मान्यता दिइयो । बैंक यस प्रतिष्ठित पुरस्कारबाट सम्मानित भएको यो दोस्रो पटक थियो । यस अघि सन् २००७ मा भएको थियो । बैंकले आफ्नो सञ्चालनको २१ वर्ष सफल कार्यकाल पूरा गरिसकेको भन्दै आएको छ । कम्पनीसँग हाल निम्न पूर्ण स्वामित्वमा रहेका सहायक कम्पनीहरू छन् :

» एनआईसी एशिया क्यापिटल लिमिटेड ।

» एनआईसी एशिया लघुवित्त संस्था लिमिटेड ।

एनआईसी एशिया बैंक लिमिटेडका ३५९ शाखा, ४७३ एटिएम, १०२ एक्सटेन्सन काउन्टर र ८१ शाखारहित बैंकिङ सेवासहितको यो बैंक पदचिह्न विस्तार, वासलातको आकार लगायत ग्राहक संख्याका हिसाबले सबैभन्दा ठूलो बैंक बनेको बैंक हो । बैंकले हाल ३० लाखभन्दा बढी ग्राहकहरूलाई सेवा दिइरहेको छ । बैंकको अध्यक्षमा तुलसीराम अग्रवाल र प्रमुख कार्यकारी अधिकृत रोशन कुमार न्यौपाने छन् । न्यौपाने गत डिसेम्बर २ मा चार वर्षको कार्यकालमा बैंकको प्रमुख कार्यकारी अधिकृतमा दोश्रो पटक नियक्त भएका थिए । एनआईसी एसियाको नारा, बैंक पनि साथी पनि औचित्यहीन हुँदै गएको आम नागरिकको बुझाइ छ । हुन पनि एक पटक होइन पटक पटक एनआईसी एशिया बैंक गैरजिम्मेवारी कामले नागरिक निरासा छन् । बैंक पनि साथी पनि जस्ता नारा र बिज्ञापनले सर्वसाधारणलाई प्रभावमा पार्दै वित्तिय क्षेत्रमा छिट्टै स्थापित बन्न सफल एनआईसी एसिया बैंकलाई सर्वसाधारणले महाठगको उपाधि दिईरहेका छन् ।

एनआईसी एसियाको चरित्रताकै कारण सिंगो बैंक क्षेत्रप्रतिको विश्वास उड्दै गएको बेलामा पनि नियामक निकायले कारबाही नगर्दा एनआईसी एसियाको मनोमानी अझ बढ्दै गएको देख्न सकिन्छ । आफ्ना समस्याहरू विभिन्न निकायमा पुऱ्याउँदा पनि एनआईसी एसियालाई कारवाहीको दायरामा ल्याउन नसकेपछि फेरी अर्को ठूलो काण्ड बाहिरिएको हो । एनआईसीका केही कर्मचारीहरू समेत प्रहरीको फन्दामा परिसकेका छन् ।

यस विषयमा सर्वसाधारण पनि राम्रोसंग जानकार छन् । सामाजिक सञ्जाल मार्फत आफ्ना समस्या राख्दै जयशंकर महर्जनले एनआईसी एसिया महाठग भएको टिप्पणी गरेका थिए । लोकप्रिय बन्नका लागि "एनआईसीले बैंक पनि साथी पनि" भन्ने लोकप्रिय नारा समेत तयार पारेको छ । तर सोच्नै पर्ने कुरा हो । एनआईसी एसिया के साँच्चै साथी जस्तै छ ? यो सवाल हरेक नागरिकको मनमा उठिरहेको छ । एनआईएसी एसिया बैंक साथी होइन, यसले साथीको नाममा धोकाधणीको काम मात्र गर्ने गरेको छ । जुन सर्वसाधारणले चाहदैनन् ।

सुर्खेतमा अदालतले रोक्काको आदेश दिएको जग्गा बैंक र जिल्ला मालपोतका कर्मचारीहरूको मिलेमतोमा नामसारी गरेको आरोप जग्गाधनीले लगाएका छन् । सुर्खेतका व्यवसायी प्रकाश उप्रेती र उनकी पत्नी अर्चना उप्रेतीको नाममा रहेको ६ कित्ता जग्गा एनआईसी एसिया बैंक र मालपोत कार्यालय सुर्खेतका कर्मचारीले मिलेर देवीराम पौडेलको नाममा लिलाम गरि नामसारी गरेको आरोप लगाइएको हो ।

एनआईसी एसिया बैंकमा उप्रेतीद्वयको नाममा रहेको साबिक जर्बुटा गाविस वडा नम्बर १ क कित्ता नम्बर २०४० को क्षेत्रफल ०-०-१५ (बिघा) र सोही वडा १ ख कित्ता नम्बर ८३५, १८६५, १४०१, १८६६ र १८६३ को क्षेत्रफलहरू क्रमशः ०-१-१०-०, ०-०-८-१, ०-०-१६-१, ०-०-११-३ र ०-०-८-१ (बिघा) लाई सुर्खेत जिल्ला अदालतले २०७९ फागुन ५ गते रोक्का गर्नू भनि बैंकलाई आदेश दिएकामा बैंक र मालपोतका कर्मचारी मिलेर गत साउन २ गते बैंकबाट फुकुवा गराइ लिलामीमा देवीराम पौडेलका नाममा दाखिला गरेको जनाइएको छ । जग्गाधनी प्रकाश उप्रेतीले अदालतले रोक्का राख्नु भनि आदेश दिएको तर बैंक र मालपोतका कर्मचारीहरू मिलेर रोक्का राखेको जग्गा फुकुवा गरि देवीराम पौडेलका नाममा दाखिला गरिएको घटनाबारे आफूले सोमबार मात्रै थाहा पाएको जनाए । उनले अदालतको आदेशलाई समेत बैंक र मालपोतले उल्लंघन गरेर लिलामीमा अर्केलाई सकार

निगरानी ब्यूरो

गर्न लगाएको भन्दै यो काममा बैंक र मालपोतको बदमासी भएको आरोप लगाएका छन । उनले आफूलाई पौडेलले नै तपाईंको जग्गा मैले बैंकको लिलामीबाट लिएको भनेपछि मात्रै थाहा पाएको उल्लेख गरे ।

मालपोत कार्यालय सुर्खेतले मंसिर ४ गते भूमि व्यवस्थापन तथा अभिलेख विभाग काठमाडौंलाई देवीराम पौडेलका नाममा कायम भएको जग्गाहरू बदर गरि साबिकबमोजिम नै कायम गरि आवश्यक कारबाही गर्न पत्राचार गरेको छ । मालपोत अधिकृत जनकबहादुर हमालले पठाएको पत्रमा एनआईसी एसिया बैंकमा २०७५ कात्तिक १४ गते रहेको उप्रेतीद्वयका जग्गाहरू २०७९ फागुन ५ गतेको जिल्ला अदालतले रोक्का राखेकामा लिलाम सकारकर्ता देवीराम पौडेलका नाममा कायम भएको जग्गाहरू बदर गरि साबिकबमोजिम नै काम गर्न भनिएको छ ।

यस्तै मालपोत अधिकृत हमालले अदालतबाट रोक्का राखेको जग्गाहरू के कति कारणले पौडेलको नाममा नामसारी भएको भनी कार्यालयका दुई कर्मचारीलाई तीन दिनभित्र स्पष्टिकरण सोधेका छन् । गत सोमबारै कार्यालय प्रमुख हमालले कार्यालयका नासु



राजकुमार सिंह र खरिदार राजेन्द्रबहादुर खड्कालाई के कसरी नामसारी भएको हो सो बारे चित्तबुझ्दो जवाफ तीन दिनभित्र पेस गर्न स्पष्टीकरण मागेका छन् । यदि तोकिएको समयभित्र जवाफ नदिएमा कानुनअनुसार कारबाही गरिने जनाइएको छ ।

एनआईसी एसिया बैंक सुर्खेतले सबै प्रक्रिया पूरा गरेर मात्रै लिलाम गरेको भन्दै कुनै जालसाज नगरेको दाबी गरेको छ । बैंकका सुर्खेत प्रबन्धक अशोक तिमिल्सेना ऋणीले समयमै ऋण नतिरेपछि लिलाम प्रक्रियाअनुसार गरेको भन्दै कुनै जालसाज नगरेको जिकिर गर्छन् । आफू बैंकमा नयाँ आएको र यी सबै काम पहिले नै भएकाले थप कुराहरू बैंकको माथिल्लो निकायबाट बुझ्नसमेत उनले आग्रह गरे । अर्को घटना उपत्यका बाहिरको रोचक छ, मिति २०७७ साल पुस ६ गते जिल्ला मालपोत

कार्यालय कैलालीको परिसरमा रहेको एनआईसी एसियाको शाखामा सेवाग्राहीले कर्मचारीलाई भित्रै थुनेर तालाबन्दी गरेका थिए ।

लाइनमा लागेका सेवाग्राही भन्दा विचौलियामार्फत भित्रैबाट राजस्व बुझ्ने गरेको र सेवा प्रभावकारी नभएको भन्दै सेवाग्राहीहरूले बैंकको शाखामा तालाबन्दी गरेका हुन् । सेवाग्राहीले एनआईसी एसिया बैंकको मातपोत बिस्तारित शाखामा कार्यरत कर्मचारीले मनोमानी ढंगबाट सेवा दिने गरेको भन्दै निकै आक्रोश पोखे । भित्र थुनिएका कर्मचारीलाई बाहिर निकाल्न प्रहरी प्रशासनको सहयोग लिन परेको थियो ।

बैंकिङ क्षेत्रकै ठूलो घोटला काण्ड ! जो आज पनि बजारमा निकै चर्चा हुने गर्छ !!

एनआईसि एशिया बैंकले लिलामी सकारेको भनिएको धापासीको २६ रोपनी जग्गा फिर्ता लिन ओरियन्टल बिल्डर्सले अदालतको ढोका घचघचाएपछि अहिले यो चर्चाको बिषय बनेको हो । उक्त बिषयमा निगरानी ब्युरोले खोजी गर्दा केही तथ्यहरू फेला परे । धापासीमा रहेको २४ रोपनी ४ आना जग्गा र एक नमूना घर धितोमा राखेर घरजग्गा व्यवसायी सुधीर बस्नेतले एनआईसी एशिया बैंकबाट १३ वर्षअघि रु.२० करोड ऋण लिए । यसअघि नै बस्नेतले उक्त जग्गामा अपार्टमेन्ट बनाएर दिने भन्दै ४६ जना बुकिङकर्तासँग लिखित सम्झौता गरि रु.१० करोड बैना पनि उठाइसकेका तत्कालिन प्रतिवेदनमा उल्लेख छ ।

निगरानी ब्यूरो

ऋणी बस्नेतले कर्जा नतिरेपछि बैंकले धितो सकारेर बैंकिङ सम्पत्तिका रूपमा आफ्नो बनायो । ब्यांकले आफ्नो हित हेर्नु स्वाभाविकै हो, अझ कानूनी रूपमा पनि बैंकको हात माथि नै थियो । तर, यसको मार अपार्टमेन्ट पाउने आशामा ब्यांकले लगानी गर्नुअघि नै बस्नेतलाई रकम बुझाएका सर्वसाधारणलाई घरनघाटको पार्‍यो । अपार्टमेन्ट बनाउने भनिएको जग्गाको लालपुर्जा नै बैंकको नाममा सरेपछि उनीहरू 'हाँगो समाउनु न भुईं टेक्नु' को स्थितिमा पुगे । सुधीर बस्नेतसँग सम्बन्धित यस्ता कैयौं परियोजनाका सम्पत्ति बैंकको हातमा पुगेपछि रकम फिर्ता पाउने आशमा रहेका सर्वसाधारण बिलखबन्दमा परे । यसरी पीडित हुनेमा बस्नेतको ओरिएन्टल सहकारीका बचतकर्ताहरू पनि थिए ।

बैंकले धितो सकार्नु एउटा कुरा, घरजग्गाको चलनचल्तीको मूल्य नहेरी सस्तैमा हत्याएपछि समस्या थप जेलिएको हो । यसै कारण सर्वसाधारणको डुबेको रकम उठ्न समस्या परिरहेको ओरिएन्टल पीडित हकहित संरक्षण समितिकी अध्यक्ष कुन्ती पोखरेल तितो अनुभव सुनाउँछिन् । हुन पनि, एनआईसी एशियाले ब्याज रकमसहित उक्त घरजग्गा जम्मा रु.२२ करोड ५४ लाखमा सकारेको थियो, जसको अहिले चलनचल्तीको बजार मूल्य कैयौं गुणा बढी पुगिसकेको छ । शुरूमा गैरबैंकिङ सम्पत्तिको रूपमा सकारेको बैंकले अहिले जग्गाको मूल्य बढेपछि बैंकिङ सम्पत्तिका रूपमा 'बुक गरेको' छ ।

चक्रपथबाट दुई किलोमिटर दूरीमा २० फिटे ग्राभेल बाटोले छोएको धापासीको उक्त ३८८ आना जग्गाको मोल रु.१ अर्ब हाराहारीमा पुगिसकेको पीडितहरूको दाबी छ । आवाससम्बन्धी जाँचबुझ आयोगले ०७१ सालमै उक्त सम्पत्तिलाई करीब रु.३६ करोड न्यूनतम आधार मूल्य मानी लिलाम बढाबढ गर्नुपर्ने उल्लेख गरेकाले पनि बैंकले उतिबेला नै सस्तोमा जग्गा हडपेको देखिन्छ

मुख्य घटना के हो ?

वि.सं. २०६६ साल बैशाख २ गते टोखा नगरपालिका स्थित धापासीको दुई स्थानमा गरि (५१ कित्ता) २६ रोपनी भन्दा बढी जग्गाओरयिन्टल विल्डर्स एण्ड डेभ्लपर्स प्रा.लि.ले एनआइसी एसीया बैंकबाट २० करोड कर्जा ऋण लिएको थियो । ओरेन्टल सहकारीले उक्त जग्गामा करिब ३० करोड भन्दा बढी लगानी गरेर भवन निर्माण कार्य अघि बढाइरहेको थियो । २०६८ पौष १२ गतेसम्ममा साँवा र ब्याज तिरिसकेपछि पनि करिब १९ कारोड ९९ लाख ९८ हजार रुपैयाँ तिर्ने बाँकी थियो । कर्जा लिएपछी उक्त जग्गामा केही संरचना बने ।

मिति २०६९ माघ १५ गते प्रहरीले गरेको स्थलगत अवलोकन र स्थानित व्यक्तिहरू रोहवरमा राखी गरेको मुचुल्का (जुन नेपाल प्रहरी सँग पनि सुरक्षित रहेको छ) अनुसार उक्त ओरेन्टल सहकारीले धितोमा राखिएको जमिनमा करिब ३० करोड भन्दा बढी लगानी गरेर भवन निर्माण कार्य अघि बढाइरहेको थियो । तर सहकारीका सञ्चालक सुधीर बस्नेत पत्राउ परेपछि

उक्त भवन निर्माण कार्य रोकिन पुग्यो ।

धितोमा राखिएको सबै जग्गामा गेट सहितको कम्पाउन्ड वाल लगाईएको थियो । त्यसैगरि उक्त जग्गामा २७ फिटे पिच बाटो निर्माण गरिएको थियो (उकालो भागमा ढलान समेत) । ढल निकास, बत्तिको पोल, खानेपानीका पाईप र पौडी पोखरी निर्माण गरिएको थियो जुन अहिले बैंकले भत्काएको छ । साथै १२/१२ तलाको पाईलिङ सम्पन्न भैसकेको थियो भने अपार्टमेण्टको मुख्य भवनको पश्चिमतर्फ दक्षिण मोहोडा भएको २ तले भवन प्लास्टर भइ सेतो रङ पोतिएको थियो ।

अरु के-के कर्तुत गर्यो एनआइसी एसिया बैंकले ?

» बैंकले लिलाम मुचुल्का गरेको मिति ०६९/९/१२ मा लिलाम मुचुल्कामा उक्त द्धितिय जग्गामा बनेको करीब ३० करोड लगानिमा बनेको भौतिक संरचनाको कुनै कुरा उल्लेख नगरि लुकाएको पाईयो ।

» सहकारीले एनआइसी एसियालाई २०६८ पौष १२ गतेसम्ममा

निगरानी ब्यूरो

साँवा र ब्याज तिरी सकेपछि पनि करिब १९ कारोड ९९ लाख ९८ हजार रुपैयाँ तिर्न बाँकी थियो । तर सहकारीका अध्यक्ष सुधीर बस्नेत जेलमा भएको मैका छोपी एनआइसी एसियाले उबेलाको बजार भाउ अनुसार डेढ अर्बभन्दा बढी मूल्य पर्ने जग्गालाई आफ्नो अधिनमा बनायो ।

» बस्तेतको कम्जोरीमा टेकेर एनआइसी एसिया बैंकका उच्च तहमै रहेका व्यवस्थापकको मिलेमतोमा उक्त जग्गा कब्जा भएको थियो । भौतिक संरचना निर्माण गर्नका लागि २० करोड ऋण दिएको एनआइसि एसियाले त्यति नै मूल्यमा उक्त जग्गाको बि.ए. गरेपछि ओरेन्टल पीडितहरू बैंक विरुद्ध आन्दोलन गर्दै आएका छन् ।

» बस्नेत जेलमा नै रहेका बेला बैंकका उच्च व्यवस्थापनका व्यक्ति मिलेर बैंकको संचालक समितिको निर्णय बेगर उक्त जग्गाको लिलामी गरि जग्गा सस्तो मूल्यमा बैंक आफैले हत्याएको थियो । एउटा मुद्दा लड्नको लागि १९ जना वकिल खटिएका थिए !

» ब्युरोको गोप्य सूत्रका अनुसार बैंकले ओरयिन्टल विल्डर्स एण्ड डेभलपर्स प्रा.लि.को सर्वोच्चमा विचाराधीन रहेको उक्त मुद्दा लड्नको निमित्त १९ जना भन्दा बढी वकिल समावेश थिए ।

» नेपालमा विज्ञापनमा गरिने व्यावसायिक खर्च मध्य सबैभन्दा बढी खर्च गर्ने मध्येको एक एनआईसी एसिया अर्बौंको सम्पति हडप्न लालायित परेको देखिन्छ ।

धापासीको चक्रपथ हाइट अपार्टमेन्ट (दुईवटा अपार्टमेन्टको संरचनासहित २४ रोपनी ४ आना जग्गा) लिलामी गर्दा कोही किन्न नआएको भनेर एनआईसी एशिया बैंकले आफ्नो बनाइसकेको छ । त्यहाँको एउटा बिल्डिङमा बैंकले आफ्नो आइटी कार्यालय राखेको छ ।

बैंकको रु.२० करोड ऋण (ब्याज र हर्जानाबाहेक) र ४६ जना बुकिङकर्तासँग लिएको करीब रु.१० करोड लगानी भएको अपार्टमेन्ट रु.२२ करोड ५४ लाखमा लिलामी गरिएको हो । स्थानीय घरजग्गा व्यवसायी ज्ञानबहादुर श्रेष्ठका अनुसार, त्यतिवेला त्यहाँ जग्गाको मूल्य मात्रै आनाको रु.१६लाखदेखि १८ लाख पर्थ्यो ।

त्यो दरले न्यूनतम जग्गाको मात्रै रु.६२ करोड पर्ने देखिन्छ । आवास सम्बन्धी जाँचबुझ आयोगले २०७१ मै यो जग्गाको मूल्य नै न्यूनतम रु.३५ करोड ८८ लाख तोकेको थियो । यसैगरि सुधीर बस्नेतको अग्नि एयर प्रा.लि.का पाँच जहाज बिक्री गर्दा मिलेमतोमा बिक्री भएको कार्की समितिको छानबिन प्रतिवेदनले देखाएको थियो । समितिका अनुसार, प्रभु बैंक, सनराइज बैंक र


छानबीन प्रतिवेदन ढाँचा

१) कार्यालयबाट प्राप्त उजुरीमा वा पत्रद्वारा माग गरिएको विवरणमा पठाईएको र छानबीन गर्नुपर्ने विषयहरु :

२) प्राप्त उजुरीका सम्बन्धमा भए गरेको वास्तविक तथ्यगत विवरण :

३) प्राप्त उजुरीका सम्बन्धमा भए गरेको छानबीनको विवरण, कानूनी व्यवस्था तथा कानून विपरित देखिएका कार्यहरु :

शहरी विकास मन्त्रालयको यो छानबिन प्रतिवेदनले सिटिजन्स बैंकका तत्कालीन संचालक समितिका सदस्यहरुले सुधीर बस्नेतसँग मिलेमतो गरि ऋण दिएको खुलासा गरेको थियो ।

इन्टरनेशनल लिजिङ एन्ड फाइनान्स (हालको सिभिल बैंक) ले सिम्रिक एअरसँग मिलेमतो गरि दुई वटा प्लेन लिलामी गर्दा रु.१७ करोड घोटाला भएको देखिन्छ ।

"दुइटा जहाज बिक्री गर्दा सिम्रिक एअरले राखेको रु. ४० करोड लिखित प्रस्ताव अस्वीकार गरि तिनै बैंकहरूले लिलामीको सूचना निकालेर रु.२३ करोडमा बेचेको प्रमाणसहित हामीले अर्थमन्त्री र गभर्नरलाई लेख्यौं" कार्कीले भनेकि थिइन् , "हालसम्म कुनै कारबाही भएको छैन ।"

सानेपाको सानेपा हाइट अपार्टमेन्टको बनिसकेको भवनसमेत सिद्धार्थ बैंकले लिलामी गरि बेचिसक्यो । यो भवन बुकिङकर्तामध्ये रकम थप्न सक्नेहरू मिलेर स्थापना गरेको कम्पनी (झम्सिखेल हाउजिङ प्रा.लि.) लाई बेचिएको हो । तर रकम थप गर्न नसक्नेहरूले केही पाएनन् ।

निगरानी ब्यूरो

ओरेन्टलको पहल

यससँगै बैंकले ओरेन्टल पीडितको रकममा किनिएको जग्गा कब्जा गरेर आफ्नो मुख्य कार्यालय बनाउन खोजेपछि सरकारले गठन गरेको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले समेत २ पटक पत्राचार गरेको थियो । उक्त पत्राचारमा समितिको ०७५ असोज १२ को निर्णय अनुसार अपरेटिभका तत्कालीन अध्यक्ष सुधीर बस्नेत सञ्चालक रहेको ओरेन्टल विल्डर्स डेभलपर्स प्रालीबाट सञ्चालित धुम्बाराही परियोजनामा निम्न जग्गाहरू एनआइसी एसिया बैंकमा धितो राखी कर्जा लिएकोमा उक्त बैंकले बैङ्किङ सम्पत्तिका रूपमा राखेको तपसिलमा रहेका जग्गा र सोमा रहेको सम्पूर्ण भौतिक संरचना पछि छानबिन गर्दा ठहरेबमोजिम हुने गरि हाललाई यस समितिको स्वीकृति बिना बेचबिखन, स्वामित्व हस्तान्तरण र दाखिल खारेज समेत हुन गर्न नपाउने गरि रोक्का राखी सोको जानकारी पठाइदिन आग्रह गरेको थियो । नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशिकाको निर्देशन नं. २ बमोजिम लिलाम गरेको जग्गा फिर्ता गर्नु अनिवार्य सर्त भए पनि एनआइसी एसिया बैंकले फिर्ता गरेको छैन ।

बैंकले गर्यो मिडियाबाजी, राष्ट्र बैंक मौन

एनआईसि एसियाले फैसला नै नभएको मुद्दालाई जितिसकेको भन्दै तत्कालिन समयमा मिडियाबाजी निकै गरेको जानकारहरू सुनाउँछन् । राष्ट्र बैंकले बढी प्रचारप्रसारमा रोक नलगाएकोले मेनइस्टिम मिडियालाई हातमा लिएर आफ्नु विरुद्ध समाचार प्रकाशन गर्न रोक्ने रणनीति अपनाएको आरोप समेत प्रशस्त छन् । यसकै सिलसिलामा बिगत मंसिर ८ मा कतिपय मिडियामा प्रकाशित 'बैंकले ८ वर्षअघि सकारेको जग्गा फिर्ता पाउँ भन्दै सुधिर बस्नेत अदालतमा 'भन्ने समाचार पनि भ्रमपूर्ण रहेको बुझिएको छ । देशका मेन्स्ट्रिमका पत्रिकाले बिना तथ्य र प्रमाण यसरि समाचार प्रकाशन गर्दा जनतामा भ्रम सृजना हुने विज्ञ बताउँछन् ।

यस अघि राष्ट्र बैंकले एनआइसी एसिया बैंकको ३०० भन्दा बढी फाइल जाँच गरिरहेपनि अहिलेसम्म कुनै खास कदम चालेको थिएन । राष्ट्र बैंककै कर्मचारीहरू लाई मिलाएर एनआइसी एसिया बैंक अगाडी बढेको थियो । तर, बैंक व्यवस्थापन भित्र गम्भीर त्रुटि भेटिएपछि राष्ट्र बैंक आक्रामक बनेको थियो । राष्ट्र बैंकले पहिलो चरणमा बोर्डसँग बैठक गरेर बैंकमा देखिएको समस्याका बारेमा जानकारी दिएको हो । तर कारणवश राष्ट्र बैंक अहिले सम्म चुप नै छ ।

एनआइसी एशिया बैंकको अन्य मनोमानी

» एनआइसी एसियाले नेपाल राष्ट्र बैंकको कर्जा सम्बन्धि निर्देशिकालाई उल्लङ्घन गर्दै दोहोरो ब्यालेन्स सिट बनाएर कर्जा प्रवाह गरेको पाइन्छ । सोही कारण राष्ट्र बैंकको सुपरिवेक्षण विभागले सो बैंकमाथि निगरानी बढाई तीन सय भन्दा बढी फाइलहरूमाथि सुष्म अध्ययन थालनी समेत गरेको छ । एनआइसी बैंकले ओरेन्टलको धापासि हाइटको जग्गा मात्र नभई



धेरै व्यक्ति तथा संस्थाको जग्गा पत्रिया पूरा नगरि हडपेको छ । एनआइसी एसिया बैंकमा व्यवस्थापकीय कमजोर भएको तथ्य सार्वजनिक भइसकेका छन् ।

» स्विफ्ट ह्याक प्रकरणले निकै नै कमजोर बनेको एनआइसी एसिया पछिल्लो चरण अत्यधिक विज्ञापन र खराब कर्जाका कारण एकाएक पुनः चर्चामा आएको हो । बैंक भित्र कर्मचारीको शोषण देखि मिलेमतोमा धेरै सर्वसाधारणको सम्पत्ति कब्जा गरेको तथ्य समेत प्रकाशित भइसकेको छ ।

» बैंकले ठगी गरि लिलामी गरेको प्रकरण मध्येमा ओरेन्टल सहकारीको धापासीको जग्गा पनि एक हो । यस बैंकले अनियन्त्रित ढङ्गबाट पत्रपत्रिकादेखि अनलाइन मिडियासम्म विज्ञापन गराउने गरेको छ । यदि कुनै मिडियाले बैंकको

नराम्रा कर्तुतहरू प्रकाशन वा प्रशारण गरेमा उक्त मिडियालाई मिलेमतोमा विज्ञापन समेत दिने गरेको छ ।

» एनआइसि एशियाको डिल्ली बजार शाखाले निर्दोष ग्राहकलाई फसाएर जेल चलानसमेत गरेको पाइन्छ । बैंकले बन्द रहेको खातालाई खुल्ला गराई नियोजित रूपमा एक दम्पत्तिलाई २४ दिनसम्म कस्टडिमा राखेको भन्ने एनआइसि एसिया माथि आक्षेप छ ।

» पोखरा विश्व विद्यालयबाट सम्बन्धन प्राप्त भक्तपुरमा रहेको नेपाल इन्जिनियरिङ कलेजले निजी क्षेत्रको बैक एनआईसी एसियाको भक्तपुर चाँगुनारायणमा रहेको शाखामा धर्ना दिएको ठगिको विषयमा धर्ना बसेका थिए । उनीहरूले उक्त बैंक खातामा रहेको ४ करोड २६ लाख रकम विना कारण रोक्का गरिएको थियो । बैकले बिना कारण यसरी संस्थाको रकम रोक्का गरिदिएपछि कलेजको दैनिक कार्यसंचालनमा समेत अवरोध भएकाले उक्त कलेजका सञ्चालक समितिका सदस्य, शिक्षक र कर्मचारीहरूले एनआइसी एसिया विरुद्ध नारा बाजी समेत गरेका थिए ।

» वाणिज्य बैंकहरूको छाता सङ्गठन नेपाल बैंकर्स एसोसिएसनले ब्याजदर नबढाउन गरेको प्रतिबद्धता तोडेको भन्दै सङ्घको बैठकले एनआईसी एसिया बैंकसँग तत्कालका लागि कुनै पनि कारोबार नगर्ने निर्णय गरेको थियो । एनआईसी एसिया बैंकका पछिल्ला गतिविधिले बैङ्किङ क्षेत्रमा सिस्टमेटिक रिस्क ल्याउने देखेकाले तत्कालका लागि इन्टर बैंक ट्रान्ज्याक्सन बन्द गर्ने निर्णय सङ्घले गरेको थियो ।

» एनआईसी एसिया बैंकले मोहम्मद नियाज अहमद अलि साई 'बरकत'को करोडौँ सम्पत्ति खालि कागजमा औँठा छाप लगाएर कब्जा गरेको थियो ।



एनआईसीले सर्बसाधारणलाई दिएको दुःख

बैंकबाट ऋण लिएका मानिसहरू सबैभन्दा बढी मारमा परेको पाइन्छ । एनआईसी एसियाले ऋण चुक्ता गरेर धितो फुकुवा नगरिदिने, ऋण चुक्ता गर्छु भन्दा नपाउने, ब्याजमा भनी लिइएको कर्जा पछि बढाएर धेरै बनाइदिने, ब्याजको लोभमा वित्तीय अपराध बढाउने जस्ता कार्यहरू अप्रत्यक्ष रूपमा भइरहेको छन् ।

जस्तो १५ वर्षका लागि दिएको ऋणको १ महिनाको किस्ता तिर्न नसकेको कारणले ऋण दिएको ४ महिनामै लिलामी पत्रिया सुरु गरेर सस्तो मूल्यमा बेचिएको कुरा बारम्बार मिडियाहरूमा प्रकाशित प्रचारण भइसकेको छ भने पाँच महिनामा २ पटक धितोको फरक फरक मूल्याङ्कन गरि धितो लिलाम गर्नुलाई राष्ट्र बैंकले पनि बैङ्किङ कसुरका रूपमा लिएको भए पनि अहिलेसम्म एन.आइ.सी विरुद्ध ठोस कदम चालिएको छैन ।

निकै समयदेखि एनआईसी एसिया बैंकले ग्राहकलाई ठगी गर्ने गरेको र दुःख दिने गरेको पाइएको छ ।

निगरानी

बदलिएको तिहार : देउसी-भैलोमा मुख फोरेर पैसा माग्ने प्रवृत्तिमा परिवर्तन

देंउसी-भैलो तिहारको रौनक हो । नेपालीहरुको दोस्रो ठूलो महान् चाड तिहारमा लक्ष्मीपूजा गरेपछि देउसी-भैलो खेल्न शुरु गरिन्छ । बालबच्चादेखि लिएर बुढापाकासम्मले देउसी-भैलो खेल्ने गर्दछन् । देउसी-भैलो खेलेर परम्परालाई निरन्तरता दिइरहनु राम्रो विषय हो । विश्वव्यापी महामारी कोरोनाले गर्दा बीचमा देउसी-भैलो खेल्ने क्रम सुस्ताएको थियो । यो वर्ष देउसी-भैलो खेल्नेहरु विगतभन्दा धेरै नै देखिन्छ ।

देउसी-भैलो खेल्नु नेपालीको संस्कृतिभित्र पर्दछ । तर, पछिल्लो केही वर्षयता देउसी-भैलो खेल्ने नाममा विकृति मौलाएको छ । पैसाका लागि देउसी-भैलो खेल्ने गरिएको छ । देउसी-भैलोमा आफ्नो गच्छेअनुसारको दान दिने हो । यसलाई ‘कात्तिकको दान’ पनि भनिन्छ । यद्यपि, देउसी-भैलो खेल्न आउनेहरुले मुख फोरेरै पैसा माग्ने गरेका छन् । जसका कारण कतिपय स्थानीय तहले देउसी-भैलो खेल्न आउने टोलीलाई दिने रकमसमेत तोकिदिएको छ ।

यो वर्ष भने विगतका वर्षभन्दा परिस्थिति केही फेरिएको पाइएको छ । देउसी-भैलो खेल्न आउनेहरु दिएको पैसा लिएर चुपचाप गएका छन् । पाँच रुपैयाँ होस् या दश रुपैयाँ उनीहरुले समात्छन् । पहिलेजस्तो यति रुपैयाँ चाहिन्छ भनेर माग गरेको पाइँदैन । यो राम्रो कुरा हो । दान आफ्नो इच्छाअनुसार गरिन्छ । घण्टौं जबरजस्ती गरेर भट्टाइरहने प्रवृत्तिमा परिवर्तन आएको छ । यसलाई सकारात्मक रुपमा लिनुपर्छ । चाडबाड पैसाका लागि मनाउने होइन् । आफ्नो संस्कृतिको जगेर्ना सँगसँगै मनोरञ्जनका लागि चाडबाड मनाउनुपर्छ । पैसाको मुख हेर्न थाल्यो भने हाम्रो संस्कृतिको अस्तित्व नै धर्मराउँछ । चाडबाड रमाइलोको अर्को नाम हो । बुढापाकाले भन्थें, ‘पैसाको धेरै महत्व हुन्छ । पैसाको अस्तित्व चिन्ने मान्छेले मात्र प्रगती गर्छ ।’ सानो पैसा पनि त्यतिबेला ठूलो हुन्थ्यो ।

तर, पछिल्लो समय नेपालीहरुले ५, १०, २० रुपैयाँ पैसा होइन भन्ने गर्दथे । पाँच रुपैयाँ पनि पैसा हो र ? जस्तो गर्दथे । यता, घरघरमा सहयोग माग्न आउनेहरुले समेत ५० रुपैयाँभन्दा कम पैसा लिन मान्दैनथे । २० रुपैयाँ झिकेर दियो भने यति थोरै पैसा पनि लिन्छ भनेर छोडेर हिड्थे । हिजो दिँउसो भीमसेनगोलामा देउसी-भैलो खेल्न आएकालाई लुगा पसलेले १० रुपैयाँ दिए, जुत्ता पसलेले पाँच रुपैयाँ ।

त्यही पनि उनीहरु हात थापेर हिँडे । नेपालीले अहिले आएर पैसाको महत्व बुझेछन् । पैसाको महत्व सबैले बुझ्नुपर्छ । माग्न आउने र देउसी-भैलो खेल्न आउनेलाई हरेक व्यक्तिले आफ्नो इच्छाअनुसार पैसा दिने हो । दिएपनि आफ्नै मर्जी, नदिएपनि आफ्नै । दिनैपर्छ भन्ने जबरजस्ती छैन । यता, कानुनले यति पैसा दिनुपर्छ भनेर तोकेको पनि छैन । पैसा कुनै व्यक्तिले निकाल्ने होइन ।

निगरानी

सरकारले धेरै खर्च गरेर पैसा छापेको हुन्छ । त्यसैले पाँच पैसालाई पनि हेला गर्नुहुँदैन । पैसा भनेको आखिर पैसा नै हो । कहिलेकाँही एक रुपैयाँ नपुग्दा सामान छोडेर हिँड्नुपर्छ । नेपालीहरुलाई पैसाको मतलब नै छैन । पैसामाथि धुप बालिदिन्छन् । पानीमा भिजाइदिन्छन् । अबिर दलिदिन्छन् । यसले गर्दा राज्यलाई धेरै क्षति पुगेको छ । झन् चाडबाडमा त कति पैसा बिग्रिन्छ ? बाालबालिकाले रमाइलोको लागि देउसी-भैलो खेल्छन् । आर्थिक कमजोर भएकाले तिहार मनाउन । अझ यो वर्ष त धेरै उदाहरणीय कियाकलापहरु भएका छन् । दृष्टिविहिनहरुले भवन बनाउनका लागि देउसी-भैलो खेलेको खबरहरु बाहिरिएको छ । त्यसैले देउसी-भैलो खेल्नु राम्रो कुरा हो । सामाजिक कार्यका लागि देउसी-भैलो खेलेका छन् । पहिलेपहिले पैसाभन्दा पनि घरमा भएका सामान दिने चलन थियो ।

नाङ्लामा धान, सेलरोटी, फलफूल, चामललगायतका सामान हालेर देउसी-भैलो खेल्नेलाई दिने गरिन्थ्यो । देउसी-भैलो खेल्न आउनेहरुले पनि राम्रो भट्टयाउथें । अब अहिले त प्रायको घरमा धान नै हुँदैन । यता, देउसी-भैलो खेल्नेहरुले सामान लैजान पनि मान्दैनन् । पैसा नै खोज्छन् । देउसी-भैलो खेल्नेले भट्टाइसकेपछि आशिष दिन्छन् । तर, अहिले त भट्टयाउन पनि जान्दैनन् ।

डिजे बजाउँछन्, नाच्छन् । भट्टयाउने त कसै-कसैले मात्र हो । हिन्दी गीत बजाउने प्रवृत्ति मौलाएको छ । पूराना संस्कृति हराएको छ । विस्थापना भएको छ । अब विस्तारै नाङ्लो त हराउँदै जान्छ जस्तो देखिन थालेको छ । देउसी-भैलो खेल्नेले व्यवस्थित तरिकाले नदिने र दक्षिणा दिनेले पनि व्यवस्थित तरिकाले नदिने हो भने हाम्रो संस्कृति नै संकटमा पर्दछ । देउसी-भैलोको अर्थ पैसा कमाउनु मात्र हो ।

पैसा दिनु संस्कृतिको जगेर्ना गर्नु होइन । सरकारले चाड मनाऔं भनेको छ । चाडको संरक्षण कसरी गर्ने ? संस्कृति कसरी जोगाइराख्ने ? यो सर्वसाधारणको कुरा हो । नेपालमा हिन्दू धर्मावलम्बीहरु बढी छन् । नेपालीहरुले हरेक चाड धुमधामका साथ मनाउँछन् । चाहे त्यो स्वदेशमा बस्नेले होस् या विदेशमा । तर, पछिल्लो समय चाडबाड व्यापार गर्ने माध्यम बनेको छ । कतिपयले चाडबाडको नाममा व्यापार गरेका छन्, कतिपयले राजनीति । गच्छे अनुसार सबैले चाडबाड मानिरहेका छन् । चाडबाड आएपछि नेपालीहरु हर्षित हुन्छन् । चाडबाडमा आफन्तसँग भेटघाट गर्न पाइन्छ । मिठोमसिनो खान, रमाइलो गर्न पाउने भएकाले बच्चादेखि बुढासम्म खुसी नै हुन्छन् । मठमन्दिरमा दर्शन गर्न जानेको भीड हुन्छ । तर, हाम्रो समाजमा दुई खाले व्यक्ति छन् । एउटा हुँदा खाने अर्को हुने खाने । मठमन्दिरमा कोही दर्शन गर्न जान्छन्, कोही त्यही मागेर गुजारा गरिरहेका हुन्छन् । तिहारमा हामीले गाई, गोरु, काग, कुकुरलाई खान दिन्छौं, पूजा गर्छौं । तर, तिहारमै हामीलाई तिनको आवश्यकता पर्दछ । कुकुरलाई हामी अरु बेला खानसमेत दिँदैनौं । हिर्काउँछौं, कुट्छौं । गाई राख्छौं, गोरु लगेर सडकमा छोडिदिन्छौं । असार १५ मा हामी दही चिउरा खान्छौं, साउन १५ मा खीर । जनैपूर्णिमा क्वाटी, तीजमा दर । दशैंमा मासु र तिहारमा सेलरोटी । अहिले त यो चलन पनि हराएको छ । मासु त अरु बेला पनि खाइन्छ । तर, कतिपयको घरमा ताई पनि छैन । सेलरोटी पकाउन छोडिएको छ । सेलरोटी खानका लागि बजार धाउनुपर्ने अवस्था आएको छ । घरघरमा रोटी पकाउने चलन पनि विस्थापना भयो । पूरा कुरालाई बिर्सिंदै जाने र नयाँ कुरा मात्र अँगाल्ने हो भने नयाँ पुस्ताले के सिक्छन् ?

केही वर्षमा सेलरोटी भनेको के हो ? भनेर सोध्न बेर छैन । चाडबाड के हो ? किन मनाउने ? यो पुस्तकमा समेटनुपर्छ । हाम्रो रितिरिवाज के हो ? यसलाई कसरी संरक्षण गर्ने ? सरकारले जनचेतना फैलाउनुपर्छ । घरबाटै संस्कृतिको जगेर्नाका लागि पहल गरिनुपर्छ । यसका लागि अभिभावक पनि जिम्मेवार हुनुपर्छ । चाडबाडलाई पैसासँग दाँज्न छोडौं । पहिले प्रत्येक घरमा आँगन हुन्थ्यो । देउसी-भैलो खेल्न आउनेहरु आँगनमा नाचगान गर्दथें । अहिले त सबै घरमा गेट छन् । कहाँ नाँच्नु ? गेट बाहिरै बसेर भट्टयाउँछन् । दिए लिन्छन्, नदिए हिँड्छन् । बस्ती बढ्यो तर दिने कोही छैनन् । जसले गर्दा देउसी-भैलो संकटमा पर्यो । चाड सबैको हो । सबैले मिलीजुली चाडबाड मनाऔं । सरकारले सार्वजनिक बिदा दिएको छ । चाडबाडको संरक्षण गर्नु सबैको दायित्व हो । चाडबाड राम्रोसँग मनाउनुपर्छ । शान्तिपूर्ण रुपमा चाडबाड मनाऔं ।

निगरानी

दशैंमा कमाएको रकम पनि बैंकमा जम्मा गरेनन् व्यापारीले

दशैंमा केही व्यापारीको व्यापार भएपनि उनीहरुले व्यापार गरेर आम्दानी गरेको रकम बैंक तथा वित्तिय संस्थामा जम्मा गरेनन् । आ-आफ्नो घरमा लुकाए । कतिपय माडेहरुले त व्यापार गरेर कमाएको पैसा आफ्नै देश लगिसके र बैंकमा भएको आफ्नो रकम पनि निकालसके । व्यापारी नै होस् या सर्वसाधारणलाई बैंक तथा वित्तिय संस्थामाथि विश्वास छैन । अहिले सर्वसाधारण खुलेआम भन्छन्, 'ब्याज थोरै दिएपनि सरकारी बैंकमै रकम जम्मा गर्नुपर्छ । निजी बैंक, सहकारी, फाइन्समा बचत गर्नुहुन्न ।' यता, सरकारी बैंकमा बचत गर्दा समेत कर्मचारीबाटै चोरी हुने गरेको पनि कतिपयको आरोप छ । घुस खाएर कर्मचारीहरुले घरजग्गा, गाडी र सेयरमाथि ठूलो ठूलो कर्जा लगानी गर्ने भएकाले सरकारी बैंकमा समेत बचत गर्न सुरक्षित नहुने कतिपयको ठहर छ ।

सरकारी बैंकका कर्मचारी पनि घुसिया हुन् र उनीहरु जे पनि गर्न सक्छन् भनेर सर्वसाधारण जनता भन्छन् । दशैंमा पनि निजी बैंकहरुले बचतकर्ताको रकम फिर्ता नगरेको गुनासो सुनिन्छ । सहकारी त बचतकर्ताको सय रुपैयाँ समेत नदिई बन्द भइहाल्यो । दशैंमा व्यापार नहुने त के बैंकमा पैसा राख्नु तर व्यापार हुनेले समेत बैंकमा बचत गर्न छोडेका छन् । अहिले बजारमा दशैंपछि अधिंकाश निजी बैंकहरु भाग्ने तथा बन्द हुने बताइन्छ । करोडौं बचतकर्ताको खरबौं रकम सहकारीले पचाइदिएपछि निजी बैंकमा समेत बचत गर्न जनता डराएका छन् । मानिसहरु अहिले ब्याजको लोभमा सहकारी, बैंकमा बचत नगरी आ-आफ्नो घरमा रकम सुरक्षित साथ राख्नुपर्ने बताउँछन् । अहिले सरकारको आम्दानीको स्रोत केही छैन । रेमिट्यान्सबाहेक अन्य राजस्व संकलनको स्रोत गुम्दै गएको छ ।

व्यापारव्यवसायमा पुरै मन्दी आइहाले । घरजग्गा, गाडी र सेयरको कारोबार पनि ठप्प भइहाल्यो । यँही घरजग्गा, गाडी र सेयरमा लगानी गर्दा सहकारी भाग्नुपरेको थियो भने अब डुब्ने पालो निजी बैंकहरुको आएको छ । तीन वर्षअघि आनाको ४५ लाखमा किनेको जग्गा अहिले लाख रुपमा बिकी हुदैंन । ३२ सयमा किनेको सेयर सय रुपैयाँमा बिकी हुदैंन । त्यस्तै, २० लाखमा किनेको गाडी लाख रुपैयाँमा बिकी हुन्न । पहिला घरजग्गा, गाडी र सेयर दलालीहरु दोहोरी साँझ, डान्स बार, रेस्टुरेन्ट जान्थे अनि उनीहरुको आम्दानी हुन्थ्यो । तर, अहिले घरजग्गा, गाडी र सेयरको कारोबारमा आएको मन्दीका कारण दलालीहरुले यस्ता ठाउँ जान छोडेका छन् । जसको असर दोहोरी साँझ, डान्स बार र रेस्टुरेन्टमा समेत परेको छ । आम्दानी नहुँदा बन्द हुनुपर्ने अवस्थामा यी संस्था पुगेका छन् ।

अहिले सर्वसाधारणले बैंकमा बचत गर्न त छोडे नै सँगै कर्जा समेत लिन छोडेका छन् । तलब दिन नसकेपछि बैंकले धमाधम कर्मचारी कटौती गरेको छ । त्यस्तै, बैंक पनि एकआपसमा मर्जर भइरहेको छ । व्यापारीहरु दशैंमा पनि पाँच सय र हजारको नोट नदेखिएको बताउँछन् । मानिसहरुले सबै पैसा आ-आफ्नो घरमा लुकाइसकेको उनीहरुको भनाइ छ । सरकारको आम्दानीभन्दा खर्च दोब्बर छ । जनताले कर तिर्न छोडिसकेका छन् । राज्यको ढुकुटीमा राजस्व जम्मा हुन छोडिसक्यो । कर आउने स्रोत अब कतै छैन । राजस्वका मूल स्रोत नै बन्द भएको छ । सरकार पनि खर्च कटौती गर्दैन ।

न सरकारी कर्मचारी, जनप्रतिनिधिको तलबभत्ता कटौती गर्छ न आर्मी नै हटाउँछ । यति मात्र नभई विदेशी ऋण कसरी मिनाहा गराउने भनेर समेत सरकारले चासो देखाएको छैन । अहिले जनता मुलुकको अर्थतन्त्र श्रीलंकाभन्दा नाजुक अवस्थामा पुगेको बताउँछन् । अहिले पनि प्रधानमन्त्री र अर्थमन्त्री भने जनतालाई भ्रममा पारेर विदेशीसँग ऋण लिदैं सरकारी कर्मचारी र जनप्रतिनिधिलाई तलबभत्ता खुवाइरहेका छन् त ज्येष्ठ नागरिकलाई भत्ता बाँडेका छन् । अहिले विदेशी ऋण २४ खर्ब पुगिसकेको छ । प्रत्येक नेपालीको टाउकोमा ९० हजार विदेशी ऋण छ । केही वर्षमै यसको पनि तेब्बर/चौब्बर पुग्ने आम नागरिकको भनाइ छ । अर्थमन्त्री प्रकाशशरण महतलाई न देशको माया छ न अर्थतन्त्रको चिन्ता छ ।

उनलाई जसरी भएपनि आफ्नो कुर्सी कसरी जोगाउने भनेर मात्र चिन्ता छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले जग्गाको कारोबार बढ्छ, मूल्य बढ्छ र राज्यको ढुकुटीमा राजस्वको ओइरो लाग्छ भनेर जग्गाको कित्ताकाट फुकुवा गरे । तर, यहाँ पनि सरकार असफल भएको छ । कित्ताकाट खुलेपनि जग्गाको कारोबार बढेन । त्यस्तै, १२ करोडको सीमा हटाएपछि सेयरको कारोबार बढ्छ भन्दै सरकारले यो पनि हटायो । यद्यपि, सेयरको कारोबार भने बढेन । अहिले निजी प्लेटको दुई पाङ्ग्रे सवारीसाधन होस् या

निगरानी

चार पाङ्ग्रे किन्ने कोही छैन । सार्वजनिक यातायातमा सिण्डिकेट छ । ट्याक्सी, फोस्टक ट्याम्पो र ढुवानी गाडीमा ४५ वर्षदेखि सिण्डिकेट छ । दशैंमा समेत बजारमा त्यति चहलपहल देखिएन ।

दशैंपछाडि व्यापारीहरु पलायन हुनेछन् । अहिले नै मुलुकभरका ६५ प्रतिशत सटर, कोठा र फ्ल्याट खाली भएका छन् । अधिंकाश मानिस दशैंपछि झन् अवस्था गम्भीर बन्दै जाने बताउँछन् । बेरोजगारी, महंगी र गरिबीले अहिले जनताको ढाड सेक्दै गएको छ । यसरी नै महंगीले सीमा नाघे गरिब जनता भोकभोकै मर्नुपर्ने अवस्था निम्तिने छ । त्यसैले, अब जनता सरकारको विरोधमा सडकमा उत्रिनेछन् । अनि यो आन्दोलनले भ्रष्टाचारी, घुसिया र लुटेराहरुलाई यो देशबाट हटाउनेछ ।

अहिले जनतासँग खाना खाने पैसा छैन अनि कर कसरी तिर्नु ? विदेशीसँग ऋण लिएर पूर्वराजा, पूर्वराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वसभामुख, वर्तमान राष्ट्रपति, प्रधानमन्त्री, जनप्रतिनिधि र सरकारी कर्मचारीहरुले तलबभत्ता खाइरहेका छन् । मुलुकको अवस्थालाई मध्यनजर गर्दै कुनै पनि जनप्रतिनिधि वा पूर्वराजाले नै आफुलाई तलबभत्ता चाहिदैंन भनेर भनेका छन् । उनीहरुलाई देश र जनताको माया छैन । यहाँ सबैजना देश र जनताको बारेमा ठूलोठूलो कुरा गर्छन् तर देश नै विदेशीलाई बेचेर उनीहरु तलबभत्ता खान्छन् । सदनमा एउटा पनि सांसद वा मन्त्रीले आफुलाई सरकारी गाडी र तलबभत्ता चाहिदैंन भनेर बोलेको छैन । जनता राजनीतिक दलका नेता र सरकारी कर्मचारीले देश डुबाएको बताउँछन् । बुढाबुढीहरु भन्छन्, 'हामीलाई भत्ता चाहिदैंन, देश बेच्न पाइदैंन ।' तर, सरकारी सेवाबाट अवकाश कर्मचारीहरु सरकारले पेन्सन नदिए सडक आन्दोलनमा उत्रिने बताउँछन् । देशको माया सरकारी कर्मचारीभन्दा सर्वसाधारणमा बढी रहेको प्रमाणित हुन्छ । अहिले एकथरी भन्छन्, 'नेता र कर्मचारीले देश चलाउन सकेन, अब कुनै देशलाई भाडामा दिए पनि हुन्छ ।'

अर्कोथरी भन्छन्, 'नेपालमाथि अब अन्य देशले हस्तक्षेप गर्नेछ ।' नेपालको अर्थतन्त्र नाजुक अवस्थामा पुगिसक्यो भनेर विश्वले थाहा पाइसकेको छ । अब विदेशीले नेपाललाई अनुदान त दिदैंन नै ऋण दिएपनि मिटरब्याजमा दिनेछ । मुलुकको रोजगारीको अभावका कारण दिनहुँ हजारौं युवा विदेशिएका छन् । नेपालमा केही छैन भनेर सर्वसाधारणको मनमा परिसकेको छ । हिजो आनाको पाँच हजार पर्ने खेतीयोग्य जमिन आनाकै ८० लाखमा बेच्ने र त्यँही जमिनमा महंगा महंगा ढुंगा हालेर महलजस्तो घर बनाउनेहरु आज डुबेर रुवाबासी गरिरहेका छन् । दुई रुपैयाँ किलोमा बिकी नहुने फलामबाट गाडी बनाएर लाखौंमा खरिदबिकी गर्ने दलालीहरु पनि आज बौलाएका छन् । त्यस्तै, बैंकले सय रुपैयाँ कित्तामा निष्काशन गरेको सेयर ३५ सयमा बेच्नेहरु आज पलायन भएका छन् । एउटा सटरको मासिक ११ लाख भाडा उठाउने घरधनीहरु पनि आज सटर खाली हुन थालेपछि चिन्ताले पिरोलिएका छन् । यता, एक फ्याल्टको २० हजारदेखि डेढ लाख असुल्ने र एउटा सानो कोठाको मासिक १०/१५ हजार उठाउने घरधनी पनि आज कालोपिरो भएका छन् । मर्जर भएपछि जागिर गएको झोकमा कतिपय बैंकका सिइओले कोशीबाट हामफालेका छन् त कतिपय भट्टी पसलमा व्यस्त छन् ।

सहकारीका सञ्चालक, अध्यक्ष र कर्मचारी पनि कुनै जेल पुगेका छन् त कुनै देश छोडेर भागेका छन् । अब मुलुकमा के बचेको छ र राजनीतिक दलका नेताहरुले अझै पनि जनतामा भ्रम छर्न ? अहिले राजस्व संकलनको दुई वटा स्रोत अझै पनि बचेको छ । त्यो हो घर र गाडी । एउटा घरमा एउटा घरधनीको करोडदेखि अर्बसम्म लगानी छ । दश लाखभन्दा बढी मूल्यको घर अनिवार्य कम्पनीमा लैजानुपर्ने, पञ्जीकरण गर्नुपर्ने र ६/६ महिनामा प्राधिकरण चेकजाँच गर्नुपर्ने भनेर सरकारले निर्णय गरेमा राज्यको ढुकुटीमा राजस्वको ओइरो लाग्छ । कम्पनीमा नगएको वा पञ्जीकरण नगरेको घरको घरसम्पन्नताको प्रमाणपत्र नदिने र नामसारी पनि रोकिदिने भनेर कानून बनाउनुपर्छ ।

अहिले घरधनीहरुले घर बनाउँदा लगानी गरेको र त्यो घर भाडामा लगाएर आम्दानी गरेको रकमको राजस्व तिरेका छैनन् । एउटा निजी प्लेटको सवारीसाधनमा तीन लाखदेखि २५ करोडसम्म लगानी गरिएको छ । यसको पनि ६/६ महिनामा जाँचपास, रोडपर्मिट गर्ने र घरेलु, कम्पनीमा लगेर पञ्जीकरण गर्नुपर्ने भनेर निर्णय गर्नुपर्छ । यस्तो नगरेमा सवारीसाधनको दर्ता खारेज गरिदिने र नामसारी रोकिदिने भनेर कानून बनाउनुपर्छ । यदि सरकारले यस्तो गरे राज्यको ढुकुटीमा खरबौं राजस्व संकलन हुनेछ । यता, दुइ पाङ्ग्रे सवारीसाधनको पनि प्रदूषण चेकजाँचको व्यवस्था मिलाउनुपर्छ । प्रधानमन्त्री प्रचण्डले अब कि त दिनैपछि मन्त्रिपरिषद्को बैठक राखेर देश र जनताको लागि काम गर्नुपर्छ होइन भने नैतिकताको आधारमा प्रधानमन्त्री पदबाट राजीनामा दिनुपर्छ । दाउरा सुरुवाल लगाएर भाषण गर्दै हिड्नुको साटो देश र जनताको हितमा काम गर्नुपर्छ ।

विदेशी ऋणले कहिलेसम्म देश धान्ने, खर्च कटौतीतिर पनि लाग्ने कि ?

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली २०७४ फागुन्न ३ गते प्रधानमन्त्री हुँदा अर्थमन्त्री डा.युवराज खतिवडा भए । खतिवडा पहिला राष्ट्र बैंकको गर्भनर पनि भएका थिए । गर्भनर हुँदा उनले घरजग्गा, गाडी र सेयरमा लगानी गर्नु जोखिमपूर्ण रहेको भन्दै कर्जा प्रवाहमा कडाई गरेका थिए । अर्थमन्त्री भएपछि त उनले खुलेर भनेका थिए, 'घरजग्गा, गाडी र सेयरमा लगानी गर्नु भनेको जुवा खेल्नु हो ।' जसरी जुवाले मानिसको सबै सम्पत्ति सकाउँछ त्यसरी नै घरजग्गा, गाडी र सेयरमा लगानी गर्दा पनि यही हालत हुन्छ भन्ने उनको भनाइ थियो । तत्कालिन अर्थमन्त्री खतिवडाले यस्तो भनेपछि घरजग्गा, गाडी र सेयर लगानीकर्ताले उनको चर्को विरोध गरे । यतिसम्म कि उनको राजीनामा समेत मागियो । घरजग्गा, गाडी र सेयर लगानीकर्ताले तत्कालिन प्रधानमन्त्री केपी ओलीसँग भेटेर खतिवडालाई अर्थमन्त्री पदबाट बर्खास्त गर्न माग गरेका थिए । खतिवडाले त महंगोमा घरजग्गा, गाडी र सेयर किन्दा यसको मूल्यमा गिरावट आउँदा डुब्न सकिन्छ भनेर सर्तक गराएका थिए ।

बैंक तथा वित्तिय संस्थालाई समेत आँखा चिम्लेर यो क्षेत्रमा लगानी नगर्न उनले सचेत गराएका थिए । तत्कालिन अर्थमन्त्री खतिवडाले त्यो बेला भनेको ती कुरा न सर्वसाधारणले पत्याए न बैंक तथा वित्तिय संस्थाले नै टेरे । त्यतिखेर बैंक र सहकारीले घरजग्गाको लालपूर्जा, नक्सा, नागरिकता र फोटो लिएर जानेबित्तिकै जति भन्यो त्यति नै तुरुन्तै ऋण दिइन्थ्यो । बजारमा एक करोडमा बिक्री हुने घरजग्गालाई ७० लाखसम्म कर्जा प्रवाह गर्थ्यो । चार हजार मूल्य बराबरको एक कित्ता सेयरलाई ३५ सयसम्म कर्जा दिइन्थ्यो । त्यस्तै, २० लाखमा बिक्री हुने सवारीसाधनलाई १५ लाखसम्म कर्जा दिइन्थ्यो । कर्जा दिएको रकमबापतको दश प्रतिशत रकम घुस खान्थ्यो । उदाहरणका लागि एक लाख कर्जा दिएमा दश हजार र एक करोडमा दश लाख घुस बैंक तथा वित्तिय संस्थाका अध्यक्ष, सञ्चालक र कर्मचारीले खान्थे । यता, दुई प्रतिशत सेवाशुल्क र ब्याज १८ प्रतिशत भनिएपनि ६० प्रतिशतसम्म लिइन्थ्यो । ऋणीले तीन किस्ता नतिर्ने बित्तिकै धितो लिलाम गरिन्थ्यो ।

०७४/०७५ सालमा एक महिनाअघि आनाको १५ लाखमा किनिएको जग्गा एक महिनापछि ४० लाखमा बिक्री हुन्थ्यो । सेयरको मूल्य पनि बढेको बढ्यै हुन्थ्यो । एक महिनाअघि कित्ताको दुईमा किनेको सेयर एक महिनापछि तीन हजार पुग्थ्यो । अटो शोरुमहरुले पनि ग्राहकको लर्को लागेपछि गाडीको मूल्य बढाएको बढ्यै गर्थे ।

घरजग्गा, गाडी र सेयर लगानीकर्ताको बैंक तथा वित्तिय संस्थासँग राम्रो सम्बन्ध हुन्थ्यो । उनीहरुकै मिलेमत्तोमा सर्वसाधारण ठगिन्थे । सर्वसाधारण र बैंक तथा वित्तिय संस्थाले मूल्य बढिरहन्छ भनेर घरजग्गा, गाडी र सेयरमा लगानी गरे । आमनागरिकले आफुसँग

भएको रकम खर्च गरेर र आधा रकम बैंकबाट ऋण लिएर यो क्षेत्रमाम लगानी गरे । बैंक तथा वित्तिय संस्थाले पनि घरजग्गा, गाडी र सेयर भन्नेबित्तिकै जतिपनि कर्जा प्रवाह गप्यो । तत्कालिन अर्थमन्त्री डा.युवराज खतिवडाले भनेको कुरालाई हावादारीमा लिएर सर्वसाधारण र बैंक तथा वित्तिय संस्थाले यी क्षेत्रमा लगानी गरे । ०४५/०४६ सालमा आनाको एक हजारमा बिक्री नहुने जग्गा ०७५/०७६ सालमा ८० लाख पुग्यो । दुई रुपैयाँ किलोमा बिक्री नहुने फलाम र प्लास्टिकले गाडी बनाएरले भारतले नेपाललाई लाखौं रुपैयाँमा बेच्यो । बैंकले सय रुपैयाँ कित्तामा निष्काशन गरेको सेयर १८ सयदेखि ५ हजारसम्ममा बेचियो । घरजग्गा, गाडी र सेयर दलालीहरुको ठगीधन्दा ह्वात्तै मौलाएको थियो । तर, यो कतिन्जेल टिक्छ भन्ने पनि अधिंकाशमा थियो । सेयर दलालीहरुले २५ सय कित्तामा सेयर खरिदबिकी गर्दा सरकारले सय रुपैयाँ मात्र राजस्व लिन्छ । सरकारले ठाउँअनुसार जग्गाको मूल्य आनाको एक हजारदेखि साढे ६६ लाखसम्म तोकेको छ । काठमाडौंको न्यूरोड, इन्द्रचोक, भोटाहिटीमा सरकारी मूल्यअनुसार जग्गा आनाको साढे ६६ लाख पर्छ ।

तर, त्यहाँ जग्गा आनाको १३ करोडदेखि १४ करोडसम्ममा खरिदबिकी हुन्छ । यति धेरै मूल्यमा जग्गा किनबेच भएपनि नामसारी गर्ने समयमा सरकारले साढे ६६ लाख मात्रको राजस्व लिन्छ वा पाउँछ । काठमाडौं उपत्यकाभित्र जग्गाको सरकारी मूल्य लाखमै कायम छ । तर, किनबेच भने करोडमा हुन्छ । यता, सरकारले भने तोकिएको मूल्यको मात्र राजस्व उठाउँछ । उदाहरणका लागि यातायात कार्यालय एकान्तकुनामा एउटा ट्याक्सी २५ लाखदेखि ४५ लाखसम्ममा खरिदबिकी भएको पाइन्छ । तर, त्यही ट्याक्सी नामसारी गर्दा राज्यको ढुकुटीमा भने ८ सय मात्र राजस्व जान्छ । यसरी राज्य राजस्वविहीन भएको छ । बिचौलिया, दलालीहरु भने सर्वसाधारण ठगिरहेका छन् ।

अहिले सर्वसाधारणको आँखा खुल्यो । उनीहरुले घरजग्गा, गाडी र सेयर किन्न छोडेका छन् । योसँगै दलालीहरुको भागाभाग चलेको छ । बैंक तथा वित्तिय संस्थाको लगानी डुबिसकेको छ । घरजग्गा, गाडी र सेयर चार दशकअघिकै मूल्यमा फर्किएको छ । बजारमा एक जना पनि यो क्षेत्रमा लगानी गर्न चाँहिरहेको भेटिदैंन । समस्या परेर वा पैसाको खाँचो परेर घरजग्गा, गाडी र सेयर आफुले किनेको आधा मूल्य बिकी गर्छु भन्दा समेत बिक्दैंन । बजारमा मन्दी आइसकेको छ । सटर, कोठा र फ्ल्याटहरु धमाधम खाली हुन थालेका छन् । व्यापारीहरु पलायन हुदैं गएका छन् । सहकारी त करोडौं बचतकर्ताको खरबौं रकम लिएर भागिहाल्यो । अहिले बैंक पनि टाट पल्टिने अवस्था आएपछि बचतकर्ताहरुको बैंकमा भीड लागेको छ । बैंकमा पैसा राख्नेभन्दा निकाल्नेको लाम छ । बैंकले लिलाम गरेको घरजग्गा, सेयर तथा तानेको गाडी किन्ने कोही छैन । तत्कालिन अर्थमन्त्री खतिवडाले त्यतिखेर भनेको कुरा सत्य रहेछ भनेर अहिले सर्वसाधारण बताउँछन् । त्यतिखेर खतिवडाले भनेको कुराको विरोध गर्ने घरजग्गा, गाडी र सेयर लगानीकर्ता तथा दलालीहरु अहिले डुबेर देशै छोडेर भागेका छन् । अब घरजग्गा, गाडी र सेयरको मूल्य बढ्दैन भन्ने कुरा सबैले थाहा पाइसकेका छन् । बजार पहिलाको अवस्थामा फर्किन सक्दैंन । मानिसहरुले हजार र पाँच सयको नोट आ-आफ्नो घरमा लुकाइसकेका छन् । बजारमा पैसाको हाहाकार हुन थालिसक्यो । बेरोजगारी ह्वात्तै बढेको छ । एकातिर काम पाइन्न, अर्कोतिर काम गरेको ठाउँबाट तलब पाइदैंन । अधिंकाश व्यवसायी डुबिसकेका छन् । उनीहरुले बैंकको ऋण, घर भाडा तिर्न सकेका छैनन्, श्रमिकलाई महिनौंदेखि तलब दिएका छैनन् ।

वर्तमान सरकारले जग्गाको कित्ताकाट त फुकुवा गऱ्यो । तर, यसको मूल्य र कारोबार दुवै बढेन । यता, राष्ट्र बैंकले सेयरमा १२ करोडको सीमा हटाएपनि यसको पनि मूल्य र कारोबार दुवै बढेन । दशैं, तिहारमा समेत बजारमा चहलपहल देखिएन । व्यापारीहरु निराश भए । सर्वसाधारण मुलुकको अर्थतन्त्र डुबिसकेको बताउँछन् । श्रीलंकाको भन्दा नाजुक अवस्थामा मुलुकको अर्थतन्त्र पुगेको उनीहरुको भनाइ छ । तर, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आयोग मात्र गठन गर्ने बताउँछन् । विदेशी ऋण २७ खर्ब पुगिसक्यो । प्रत्येक नेपालीको टाउकोमा लाखौं रुपैयाँ विदेशी ऋण छ । जनताले पनि सरकारलाई कर तिर्न छोडिसके । राज्यको ढुकुटीमा राजस्व संकलन शून्यभन्दैं भइसकेको छ । प्रधानमन्त्री प्रचण्ड आफ्नो पद जोगाउन पूर्व राष्ट्रपतिलाई राज्यले दिइरहेको सेवासुविधा पूर्व राजालाई पनि दिने बताइरहेका छन् । सरकार न खर्च कटौती गर्छ न कर उठाउन सक्छ । विदेशीसँग ऋण लिन्छ अनि तलबभत्ता र पेन्सन बाँड्छ । हुन त यहाँ अर्थविद्, विज्ञहरु पार्टीगत छन् । तर, तत्कालिन अर्थमन्त्री खतिवडाले भनेको कुरा अहिले सही प्रमाणित भएको छ । अहिले सर्वसाधारण महंगी र बेरोजगारीका करण बाँच्ने नसक्ने अवस्था आएको बताउँछन् । यदि सरकारले बेलैमा ध्यान नपुऱ्याए भोली नेपाली जनता भोकभोकै मर्ने छन् र देश विदेशीको कब्जामा हुनेछ । त्यसैले, सरकार अब खर्च कटौतीतिर लागौं ।

भाइटिका:

बजार मँहगी र ट्याक्सी चालकको ठगीका कारण मर्कामा दिदीबहिनी !

अनुसा थापा
भक्तपुर

तिहारको महत्वपूर्ण दिन, भाइटिका । बिहानैदेखि बजारमा चहलपहल छ । दाजुभाइलाई टिका लगाउन जाने दिदीबहिनीहरु सामान बोकेर बिहानै सडकमा निस्किएको देख्न सकिन्छ । भाइटिका भएकाले आज न्यून मात्र सार्वजनिक यातायात चल्छन् । यता, हातभर झोला भएकाले पनि बस, माइक्रोबसमा यात्रा गर्न सम्भव छैन । कुच्चिने, बिग्रिने सामान भएकाले पनि बसमा यात्रा गर्न सकिँदैन । वर्ष दिनभरी ट्याक्सी नचढेकाहरु आज बाध्य छन् । सँधै हिँड्ने वा बसमा यात्रा गर्नेहरुलाई आज ट्याक्सी चढ्नैपर्छ । आज ट्याक्सीहरुको कमाउने दिन हो । उनीहरुलाई यात्रु बोकेर भ्याइनभ्याइ हुन्छ । ट्याक्सी मात्रै होइन, निजी प्लेटका सवारी साधनलाई पनि आज दौडधुप हुन्छ । अधिकांशलाई ट्याक्सी कालो प्लेट र निजी प्लेटका सवारी रातो प्लेटको हुन्छ भन्ने कुरा थाहा छैन ।

निजी प्लेटका गाडीलाई पनि कतिपयले ट्याक्सी नै भन्छन् । जसका कारण उनीहरु ठगिन्छन् । निजी प्लेटका सवारीले मनलाग्दी भाडा असुल्दै आएको छ । आज त झन् यसको ठगीधन्दा मौलाउँछ । भक्तपुरको सूर्यविनायक, सल्लाघारी, सिर्जनानगरकै बसोबासीहरु ठगिएका छन् । भक्तपुर काठमाडौं उपत्यकाभित्र पर्दछ तर यहाँका स्थानीयले ट्याक्सी र निजी प्लेटका गाडीमा फरक छुट्याउन सक्दैनन् । त्यसो त बाहिरी जिल्लाका सर्वसाधारणको हालत के होला ? हिजो बेलुका भक्तपुरको सिर्जनानगरमा निजी प्लेटका गाडी बुकिङ्ग गरिरहेको प्रशस्तै देखिन्थ्यो । आज गाडी नपाउने भएपछि महिलाहरुले बेलुका नै बुकिङ्ग गरिरहेका थिए । यता, चालक पनि मनलाग्दी भाडा माग्दै आएका थिए । कोही पाँचखाल त कोही धुलिखेल जाने थिए । ट्याक्सी अपुग हुँदा सर्वसाधारण निकै मर्कामा परेका छन् ।

उनीहरु निजी प्लेटका सवारी चालकले जति भन्यो त्यति भाडा तिर्न बाध्य छन् । आज ट्याक्सी पाउन महाभारत छ । पाइहाले पनि एक किलोमिटरमै एक हजार रुपैयाँ माग्छ । एकातिर सामानको मँहगी अर्कोतिर ट्याक्सीको ठगी । दाजुभाइले दिएको दक्षिणा त ट्याक्सी भाडा तिर्न पनि पुग्दैन् । यस्तै पारा रह्यो भने दिदीबहिनीहरु टिका लगाउनै जाँदैनन् । जहाँ पनि ठग्ने र लुट्ने मात्रै छन् । चाडबाड आउँदा व्यवसायी मात्रै खुसी हुने अवस्था बनेको छ । किन कि सर्वसाधारण त चाडबाड मनाउनै नसक्ने अवस्थामा पुगेका छन् । ट्याक्सी र निजी प्लेटका सवारी चालकले महिना दिनको कमाइ एकैदिनमा उठाइहाल्छन् । आजको दिन ट्याक्सी पाउनु भनेको युद्ध जितेसरह हो । गाउँघरबाट टिका लगाउन आउने दिदीबहिनीहरु पनि ट्याक्सी चढ्नैपर्यो । काठमाडौं उपत्यकाभित्रै भएकालाई पनि ट्याक्सी चाहियो नै ।

उपत्यकाको चोकमा बिहानैदेखि ट्याक्सीको खोजी शुरु भएको छ । कुनै मोटरसाइकलमा ट्याक्सी खोजिरहेका छन् त कुनै झोला बोकेर ट्याक्सी कुरेर बसेका छन् । ट्याक्सी चालकले जति माग्यो, त्यति भाडा तिर्नुपर्ने बाध्यता छ । जसले ट्याक्सी चालकले भनेजति पैसा तिर्छ, उसले ट्याक्सी चढ्न पाउँछ । होइन भने ट्याक्सी चढ्छु भनेर कल्पना नगरेपनि हुन्छ । सडकमा एकदमै न्यून संख्यामा सवारी साधन चलेका छन् । क्यूमा चल्ने गाडीहरु पनि फाट्टफुट्ट मात्रै देखिन्छन् । जसले गर्दा टिका लगाउन जाने दिदीबहिनीहरु अलपत्र परेका छन् । काठमाडौं उपत्यकाको जनसंख्या झण्डै करोड बराबर छ । तर, ट्याक्सीको संख्या नौं हजार मात्र छ । ठ्याक्कै 'हात्तीको मुखमा जिरा' को अवस्था छ । उपत्यकाभित्रै कै बसोबासीलाई ट्याक्सीको अभाव छ ।

विदेशी र विभिन्न जिल्लाबाट काठमाडौं आएकाले के ट्याक्सी पाउनु ? ट्याक्सीको संख्या न्यून हुँदा सर्वसाधारणलाई सास्ती भएको छ । तर, यो कुरा सरकारले देख्दैनन् । न ट्याक्सीको नयाँ दर्ता खोल्छ न फो-स्टक टेम्पोको । एउटा ट्याक्सी पाउनका लागि घण्टौं कुनुपर्ने बाध्यता छ । ट्याक्सीको संख्या अपुग हुँदा निजी प्लेटको ठगीधन्दा मौलाएको हो । ट्याक्सी पर्याप्त नहुँदा सर्वसाधारण मँहगो भाडा तिर्न बाध्य छन् । यातायात क्षेत्रमा वर्षौंदेखि सिण्डिकेट छ । सीमित व्यवसायीले आफ्नो फाइदाका लागि सिण्डिकेट लगाएका छन् । जसले गर्दा यात्रुले निकै दुःख कष्ट पाउनुपरेको छ । यद्यपि, सरकार आम नागरिकप्रति जिम्मेवार छैन । सरकार व्यवसायीको अगाडि लम्पसार परेको छ । हालका

बागमती प्रदेशका यातायातमन्त्री लक्ष्मण लम्साल काभ्रेका हुन् । तर, काभ्रेमै ट्याक्सी पाइँदैन ।

त्यहाँका स्थानीय आपतविपत पर्दा महँगो भाडा तिरेर निजी प्लेटका सवारी साधन चढ्न बाध्य छन् । वि.सं २०४८ सालको सरकारले ट्याक्सी र टु-स्टक कालो हुटवाला टेम्पोलाई उपत्यकाभित्रको रुट परमिट दिएको हो । काठमाडौं, भक्तपुर र ललितपुर उपत्यकाभित्र पर्दछ । तर, दक्षिणकाली, गोदावरी, थानकोट, नारायणथान, शालीनदी, जगातीमा ट्याक्सी पाइँदैन । उपत्यकाभित्र नै ट्याक्सी पाइँदैन, बाहिरी जिल्लाका सर्वसाधारणले के ट्याक्सी चढ्न पाउनु ? सरकारले उपत्यकाभित्र परमिट दियो तर संख्या अपुग हुँदा सर्वसाधारण मर्कामा परे । अहिले सञ्चालित ट्याक्सीलाई न्यूरोड र पुतलीसडक घुमेरै भ्याइनभ्याइ छ । के दक्षिणकाली र गोदावरी पुगोस् ? उपत्यकाबाट धेरै सांसद सदनमा पुगेका छन् । तर, सिण्डिकेट तोड्नुपर्छ, नयाँ ट्याक्सीको दर्ता खोल्नुपर्छ भनेर उनीहरु चुइक्क सदनमा बोल्दैनन् ।

उपत्यकाभित्रका स्थानीयलाई त यति सास्ती छ भने बाहिरी जिल्लाका जनताको हालत के होला ? अस्पताल जानलाई साधनसमेत पाइँदैन । यही हो विकास ? सवारी नपाएर मर्नुपर्ने बाध्यता अहिलेपनि छ । अहिले त उपत्यका बाहिरका जिल्लामा पनि धेरै जनसंख्या बढिसकेको छ । त्यहाँका बसोबासीलाई पनि ट्याक्सीको आवश्यकता महसुश भएको छ । तर, सरकार न नयाँ दर्ता खोल्छ न रुट परमिट बढाउँछ । फो-स्टक टेम्पोको नयाँ दर्ता खोल्न पटकपटक माग उठिसकेको छ । प्रत्येक किलोमिटर १० रुपैयाँमा यात्रु बोक्छु भन्नेहरुले पाएका छैनन् । किन कि सरकारले दर्ता खोल्न चासो नै देखाउँदैन् । देशमै बसेर केही गर्छु भन्नेहरुले किन नपाउने ? सस्तोमा सेवासुविधा दिन्छु, स्वरोजगार बन्छु, राज्यलाई कर तिर्छु भन्दा सरकार नै अड्चन बनेको छ । अधिकांश मुलुकमा अहिले पनि फो-स्टक टेम्पो गुडेको छ । ट्याक्सी चढ्दा फल्याक डाउनबापत मात्रै ५० रुपैयाँ तिर्नुपर्छ । तर, यात्रुले त कुनै सुविधा नै लिएका हुँदैनन् । फल्याक डाउनको नाममा दैनिक ६ करोड रुपैयाँ फजुलमा यात्रुले तिर्नुपर्छ । सेवाशुल्क लिँदिन, भाडा घटाएर २५ रुपैयाँ प्रति किलोमिटर चलाउँछु भन्दा पनि सरकारले नयाँ दर्ता खोल्दैन ? अहिले भाडादर साह्रै महँगो भयो । प्रति किलोमिटर ५० रुपैयाँ तोकिएको छ । त्यो पनि मिटरमा चल्यो भने । कुनै ट्याक्सी मिटरमा गुड्न मान्दैनन् । चालकको जिब्रोले जति भन्यो त्यति तिर्नुपर्ने बाध्यता छ । सात वटै प्रदेशमा ट्याक्सीको नयाँ दर्ता बन्द छ । कुनै पनि प्रदेशले नयाँ दर्ता खोलेको छैन । सबै प्रदेशमा सिण्डिकेट छ । संघका यातायातमन्त्री प्रकाश ज्वालाले मन्त्री हुनेबित्तिकै सिण्डिकेटबारे जानकारी गराइएको थियो । उनले ट्याक्सीको दर्ता खोल्ने भनेका थिए तर त्यो आश्वासनमै सीमित भयो । यता, प्रदेशका मन्त्री लम्सालले पनि झुक्याए मात्रै । उनी मन्त्री भएको ६ महिना बितिसकेको छ । उनले अध्ययन गर्छु भनेका थिए । तर, यतिका महिनासम्म उनको अध्ययन नै सकिएन । मन्त्रालयका सचिव तीर्थराज भट्टराईले पनि अध्ययन गर्दैछौं भन्छन् । अध्ययन सकिँदासम्म त सरुवा भइसक्ने होलान् । अस्पताल अगाडि हेर्नुपर्छ, ट्याक्सी चालक र यात्रुबीच मोलमोलाई भइरहेको प्रशस्तै दृश्य देखिन्छ ।

भक्तपुर अस्पताल, धुलिखेल अस्पताल अगाडि निजी प्लेटका गाडी पार्क गरेर राखिएको हुन्छ । त्यहाँ सबै निजी प्लेटका सवारीले यात्रु बोक्छन् । यात्रुले त भाडा तिरेका छन् तर राज्यले राजश्व पाएको खोइ ? निजी प्लेटका सवारीले जाँचपाँस, प्रदुषणलगायत कुनै शीर्षकमा कर तिर्दैनन् । आम्दानी र लगानीको कर पनि राज्यले पाएको छैन । निजी प्लेटको सवारीको ठगीधन्दा मौलाउनुको कारण पनि सरकार नै हो । सरकार नयाँ दर्ता खोल्दैनन् अनि यात्रु महँगो भाडा तिरेर निजी प्लेटका सवारी साधन चढ्न बाध्य छन् । नयाँ दर्ता खोल्दा सबैलाई फाइदा छ । राज्यलाई राजश्व आउँछ । यात्रुले चाहिएको बेलामा सवारी साधन पाउँछन् । देशमै रोजगारी गर्छु भन्नेहरुले पनि पाए । तर, सरकारको ध्यान यसतर्फ किन जाँदैन् ? अहिले नम्बर प्लेट तीनदेखि पाँच लाखमा खरिदबिक्री भइरहेको छ । नयाँ दर्ता खुल्यो भने यो कम रोकिन्छ । प्रधानमन्त्री पुष्पकमल दाहालको यसतर्फ ध्यान जाओस् ।

गोकर्णेश्वर नगरपालिकाको अनुरोध

१. बालविवाहलाई निरुत्साहित गरौं र विवाह ऐन उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं । २. सरसफाईमा ध्यान दिउँ र फोहोर मैला जथाभावी नफालौं । ३. सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । ४. कर तिर्नु सबै नागरिकको कर्तव्य हो । कर तिरौं सभ्य नागरिकको परिचय दिऔं । ५. सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं । ६. सार्वजनिक स्थलमा धम्रपान मद्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गरौं ।

दिपक कुमार रिसाल नगर प्रमुख
सान्नानी लामा नगर उप-प्रमुख
टेकराज पन्थी प्रमुख प्रशासकीय अधिकृत

गोकर्णेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, काठमाडौं, नेपाल

फूल बेच्ने किसानलाई जतिपनि अर्थतन्त्रबारे जानकार नभएका जिम्मेवार पदाधिकारीहरू !

झिलीमिली र फूलको पर्व हो, तिहार । तिहारमा अत्याधिक सयपत्री फूलको खपत हुन्छ । अहिले बजार फूलैफूलले भरिपूर्ण छ । तर, यसपटक भने विगतका वर्षभन्दा फूलको भाउ सस्तिएको छ । उपभोक्ताहरुले फूलको भाउ पहिलेभन्दा सस्तो भएको बताएका छन् । पोहोर दुई सय रुपैयाँ पर्ने फूलको गुच्छा अहिले ३० देखि ५० रुपैयाँमा पाइन्छ ।

फूल सस्तो दिँदाखेरि पनि व्यापार नभएको गुनासो व्यापारीहरुले गरिरहेका छन् । अघिल्ला सालहरुमा फूल र माला पसलहरुमा खपत हुन्थ्यो । सटरमा लगाउन र पसल सजाउन फूलको प्रयोग हुन्थ्यो । व्यापार हुन्थ्यो, कमाइ थियो र व्यापारीहरुले पसल सजाउँथें । अहिले अवस्था फेरिएको छ । अधिकांशले सटर नै छोडिसकेका छन् ।

व्यापार-व्यवसाय सुकेपछि व्यापारीहरुले पसल गर्न छोडिदिए । अधिकांश व्यापारी विदेश पलायन भएका छन्, कसले फूल किन्ने ? ६० देखि ७० प्रतिशतले पसल छोडेका छन् । सँधै प्याक हुने काठमाडौं उपत्यकासहित अन्य जिल्लाका सटरहरु खाली छन् । भाडा तिर्न नसकेपछि व्यापारीहरुले सटर छोडे ।

गाउँबाट फूल बेच्न शहर छिरेका एक जना किसानले भने,'पोहोर यति नै फूल ल्याउँदाखेरि २० हजार रुपैयाँ भएको थियो । अहिले त पाँच हजार पनि हुँदैन जस्तो छ ।' फूल बिक्री नभएपछि किसानहरु निराश भएका छन् । गाउँ आउन र जानकै दु:ख भएको उनीहरुको भनाइ छ ।

गाडी भाडासमेत उठाउन मुस्किल पर्ने भएपछि किसानहरु समस्यामा परेका छन् । गाउँबाट आएकालाई फूल बिक्री नभएपछि के गर्ने र कहाँ जाने भन्ने आपत् भएको छ । जसको फाइदा यहाँका बाठाटाठा व्यापारीहरुले उठाइरहेका छन् । किसानहरुले आफ्नो दु:खको मूल्यसमेत नपाएको अवस्था छ । दुई सय रुपैयाँमा व्यापारीहरुले फूलको पोका नै उठाइरहेका छन् । किसानहरुलाई फूल सकाएर घर फर्किन हतारो छ, व्यापारीहरुलाई त्यसकै फाइदा भएको छ । 'फूल बिक्री नभएपछि व्यापारीलाई सस्तोमा जिम्मा लगाउनुपर्यो । घर जान हतारो भइसक्यो, गाडी पाउँदैन् । यहाँसम्म आउनुको दु:ख मात्र भयो । बरु, गाउँमै गाईवस्तुलाई खुवाइदिन्थें', अर्का एक किसानले गुनासो पोखे । व्यापारीहरुले त्यही फूल गुच्छा बनाउँदै ३०, ५० र एक सय रुपैयाँमा बेचिरहेका छन् । फूल मात्रै होइन्, अन्य सामानको व्यापारमा पनि मन्दी छाएको छ । भाइमसला, फलफूल, माटाका भाँडाहरुको व्यापार पनि पहिलेभन्दा सुस्ताएको छ । यिनीहरुको भाउ घटेको त छैन, तर खासै व्यापार छैन ।

अहिलेको साल पोहोरजति झिलीमिलीको व्यापार पनि भएको व्यापारीहरुको दु:खेसो छ । व्यापारीहरु चाडबाडले बजार चलायमान हुने आशा गरिरहेका थिए । तर, अहिले आएर उनीहरुको आशा निराशामा बद्लिएको छ । सर्वसाधारणसँग पैसा नभएकाले व्यापार सुस्ताएको उनीहरुको भनाइ छ ।

व्यापारीहरुको भनाइ ठीकै हो । एकातिर मँहगी छ अर्कोतिर बेरोजगारी । सर्वसाधारणहरुले अहिले फजुल खर्च गर्न छोडेका छन् । खानै धौ धौं परेको बेला कसले झिलीमिली किनोस् ? बजारमा आर्थिक मन्दी छ । जसको असर सबैलाई उत्तिकै भइरहेको छ । बेरोजगारी ह्वात्तै बढेको छ । उद्योग, संस्था, पसलहरुले धमाधम कामदार निकालिरहेका छन् । जागिर भएकाले पनि तलब नपाएको अवस्था छ । वर्षदिनमा आउने चाडबाड भनेर के गर्नु, सर्वसाधारणलाई मनाउनै गाह्रो परेको छ । राजधानीमा बस्न समस्या भएपछि अधिकांश दशैंअगाडि नै

गाउँ फर्किए । दशैं मनाउन गएकाहरुले पनि उपत्यका छाडे । उनीहरु फर्किएर आएनन् । उपत्यका पहिलेभन्दा पातलिएको छ । तिहारको खरिददारी गर्न बाटोमा सर्वसाधारणको खचाखच हुन्थ्यो । तर, अहिले किनमेल गर्न हिंड्नेकै संख्यामा निकै कम छ । बजारमा किनमेल गर्ने नै देखिँदैनन् । फलफूल, मिठाई पसलमा पनि खुल्लै छ । बजारको अवस्थाले मुलुक आर्थिक मन्दीले छोपेको पुष्टि हुन्छ ।

अझैपनि अर्थतन्त्र ठीकठाक छ भन्नु कतिको जायज होला ? प्रधानमन्त्री पुष्पकमल दाहाल, अर्थमन्त्री डा प्रकाशशरण महत, नेपाल राष्ट्र बैंकका गर्भनर महाप्रसाद अधिकारीले अर्थतन्त्र सुध्रिएको छ भनेर ढाँटिरहेका छन् । सर्वसाधारण आफैं आर्थिक मन्दीको चेपुवामा परेका छन् । सरकार उनीहरुलाई नै भ्रमित बनाउने कोशिस गर्दैछ ।

देशका जिम्मेवार पदाधिकारीभन्दा गाउँबाट फूल बेच्न आएकालाई अर्थतन्त्रबारे राम्रोसँग थाहा भएको छ । मुलुक नाजुक अवस्थाबाट गुज्रिएको छ भन्ने विषयमा सर्वसाधारण छर्लङ्ग छन् । तिहारपछाडि यो अवस्था थप गम्भीर बन्ने निश्चित छ । सटर र कोठा छोड्नेको संख्या थप बढ्छ । तिहारमा घर गएका कतिपय काठमाडौं फर्किनेवाला छैनन् । किन कि यहाँ बस्नै नसकिने अवस्था बनेको छ । सरकारले अझैपनि 'एक्सन' नलिने हो भने देश झन् नाजुक बन्छ । अहिले बजारमा पैसा छैन । राष्ट्र बैंकले बजारमा पैसा पठाएको छ । तर, त्यो पैसा व्यक्तिहरुले आफ्नो घरमा लुकाएका छन् । सरकारले व्यक्तिहरुले लुकाएको पैसा बजारमा ल्याउन आवश्यक देखिएको छ । पाँच सय र एक हजारको नोटमा प्रतिबन्ध लगायो भने मात्र पैसा बजारमा आउँछ । केही नगर्ने र गफ मात्रै ठोकिरहने हो भने बजार झन् गम्भीर मोडमा जान सक्छ भन्ने कुरा राज्य सञ्चालकहरुले बुझ्नुपर्छ ।

अहिलेको बजारको अवस्थाले अर्थतन्त्र डामाडोल छ भन्ने प्रमाणित गरेको छ । तर, सरकार अन्धो र बहिरो भएको छ । न सर्वसाधारणको कुरा सुन्छ न सञ्चारकर्मीको । गाउँबाट फूल बेच्न आएकाले पनि देशमा सरकार छैन् भन्ने कुरा महशुस गरेका छन् । सर्वसाधारण समस्याले थलिएका छन् । आर्थिक मन्दीले किसानलाई समेत मर्कामा पार्यो । दुःख गरेर उब्जाएको फूल नबिक्दा किसानहरुलाई तिहार मान्ने खर्च नै छैन् । फूल बेचेर अरु सामान किनेर घर लग्छौं भन्नेहरु अहिले निराश बनेका छन् । उनीहरुलाई सामान कसरी लैजाने भन्ने पिरलो भएको छ । आर्थिक मन्दीले सबैलाई डुबायो । नडुब्नेमा सरकारी कर्मचारी र नेता मात्रै रहे । उनीहरुलाई मन्दीले छोएन् । नेताहरुले अझैपनि ख्यालख्याल गर्ने हो भने जनताले दरो सबक सिकाउँछन् । जनताको अवस्था प्रत्येक दिन नाजुक बन्दै गएको छ । बाँच्नै नसक्ने अवस्थामा पुगेका छन्, जनता । सरकारले यस्तै पारा देखायो भने जनता संघर्षमा उत्रिन्छन् । जनताले गरेको संघर्ष समेट्न सरकारलाई नै धौं धौं पर्न सक्छन् । तिहार आएको छ तर व्यापार छैन । चाडबाडको मुख हेरेर बसेका व्यापारीहरु समस्यामा छन् । अहिले पनि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नेपालीको भीड छ । तिहार भनेर नेपाली नेपालमा रोकिएका छैनन् ।

आँखाभरी आँशु पार्दै विदेश पलायन भइरहेका छन् । सरकार रेमिट्यान्सको धाग देखाएर बसेको छ, तर गाउँ र शहर खाली भएको सरकारले देख्दै । मुलुक नै खाली बनाएर आएको रेमिट्यान्स के काम ? देश विकास गर्नुपर्ने युवाहरु सबै खाडीमा छन् । जनता बेचेर सरकारले गर्न खोजेको चाँहि के ?
भेडाबाख्राझैं जनता बेचेर राज्य सञ्चालकहरुले मोजमस्ती गरिरहेका छन् । उनीहरुले पठाएको रेमिट्यान्सबाट तलबभत्ता खाइरहेका छन् । नेपाली खाडीमा, यहाँ कार्यकर्ता छन् । अनि देश कसरी उभो लाग्छ ? केही गरौं, नेपालमै बसौं भनेकाहरु पनि विदेश नै पस्नुपर्ने बाध्यता जाइलागेको छ । विडम्बना, यस्तो हुँदासम्म सरकारलाई घच्घचाउने कोही भएन् । सरकारी खर्च धान्ने आयस्रोत सरकारसँग छैन । जनता बाँच्न नसक्ने अवस्थामा पुगेका छन् । तै पनि देशका प्रतिनिधिहरु सब ठीकठाक छ भनेर बस्नु कतिसम्म लज्जास्पद विषय हो ।

बाह्रबिसे नगरपालिकाको अनुरोध

१. बालविवाहलाई निरुत्साहित गरौं र विवाह ऐन उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं । २. सरसफाईमा ध्यान दिउँ र फोहोर मैला जथाभावी नफालौं । ३. सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । ४. कर तिर्नु सबै नागरिकको कर्तव्य हो । कर तिरौं सभ्य नागरिकको परिचय दिऔं । ५. सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं । ६. सार्वजनिक स्थलमा धम्रपान मद्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गरौं । ७. लैंगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।

बालकृष्ण बस्नेत
नगर प्रमुख

मन्जु तामाङ
नगर उप-प्रमुख

सुषमा महता के.सी.
प्रमुख प्रशासकीय अधिकृत

बाह्रबिसे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, सिन्धुपाल्चोक, नेपाल

सहकारी सञ्चालकहरूको नयाँ प्लान : बचत फिर्ता नगर्ने, मन्त्री, सचिवलाई प्रलोभनमा पार्ने !

तिहार सुरु हुनुअघि बागमती प्रदेश सहकारी मन्त्री पुकार महर्जन र सचिव गोविन्द्रप्रसाद रिजाललाई भेट्न सहकारी सञ्चालकहरुको लाम लागेको थियो । आफ्नो सहकारीलाई समस्याग्रस्त घोषणा नगरिदिन माग गर्दै सहकारी सञ्चालकहरु मन्त्री, सचिवसँग भेटघाट गर्न लागिपरेका छन् । यता, समस्याग्रस्त घोषणा गरिसकिएको सहकारीलाई समेत त्यो सूचीबाट हटाइदिन भन्दै सहकारी सञ्चालकहरुको हेटौंडास्थित सहकारी मन्त्रालयमा लाम लागेको छ । यसो गरिदिएबापत तीस लाखदेखि पचास लाखसम्म रकम दिने प्रलोभन उनीहरुले देखाएको पनि बुझिएको छ ।

हेटौंडास्थित सहकारी मन्त्रालयमा त सहकारी सञ्चालकहरुको लर्को छदैं छ । काठमाडौंको मीनभवनस्थित सहकारी विभागमा समेत भीड लागेको छ । विभागका महानिर्देशक नवराज घिमिरे र रजिष्ट्रार टोलराज उपाध्यायलाई भेट्न दिनहुँ सहकारी सञ्चालकको भीड लागेको हुन्छ । त्यहाँ पनि प्रलोभन देखाएर वा भन्सुन गरेर आफ्नो सहकारीलाई समस्याग्रस्त घोषणा गर्न नदिने र गरेको भएपनि हटाउने दबाब दिने काम भइरहेको छ । संघीय सरकारअन्तर्गत सहकारी मन्त्री रन्जिता श्रेष्ठ र सचिव गोकर्णमणि दुवाडीलाई पनि सहकारी सञ्चालकहरुले आर्थिक प्रलोभनमा पारिरहेको सुनिएको छ । आफ्नो सहकारी जोगाउन मन्त्री र सचिवसँग पैसाको मोलमलाई गरिरहेका छन् सहकारी सञ्चालकहरु । अहिले सहकारी सञ्चालकहरुलाई मन्त्री, सचिव, महानिर्देशक र रजिष्ट्रारहरुको क्वाटरमा धाएर भ्याईनभ्याई छ । सहकारी सञ्चालकहरु बचतकर्ताको रकम फिर्ता गर्दैनन् ।

अनि राजनीतिक आड, पैसा र भन्सुनमा आफु जेल जानबाट बच्छन् सँगै आफ्नो सहकारीलाई समस्याग्रस्त घोषणा हुनबाट जोगाउँछन् । अहिले सहकारी मन्त्री रन्जिता श्रेष्ठ नेतृत्वको नागरिक उन्मुक्ति पार्टीका कार्यकर्ताहरुले राम्रो आम्दानी गरिरहेका छन् । सहकारी समस्याग्रस्त घोषणा गर्न नदिने भन्दै सहकारीका सञ्चालकसँग दश लाखदेखि करोडसम्म उठाइरहेका छन् उनीहरु । मुलुकभर दर्तामा रहेका सहकारी डुबेका छन् । बचतकर्ताको रकम फिर्ता गरेको छैन । कतिपय भागेको छ त कतिपय सञ्चालनमा रहेपनि बचतकर्ताको रकम फिर्ता गर्दैनन् । सहकारी सञ्चालकहरु कसरी बचतकर्ताको रकम पचाउने, जेल जानबाट बच्ने र आफ्नो संस्था कालोसूचीमा पर्नबाट जोगाउने भनेर योजना बनाउन व्यस्त छन् । सहकारीले बचत फिर्ता नगरेपछि अधिंकाश बचतकर्ताको बिचल्ली भएको छ ।

बालबच्चा पढाउन, उपचार गर्न, कोठा भाडा तिर्न र हुँदाहुदैं बिहानबेलुका खान समेत उनीहरुसँग पैसा छैन । अधिंकाशले ब्याजको प्रलोभनमा आफुले जीवनभर रगत पसिना बगाएर कमाएको रकम, घरखेत बेचेर आएको पैसा र विदेशमा कमाएको रकम समेत सहकारीमा बचत गरेका थिए । सहकारी बचत नै फिर्ता नगरी भागेपछि कतिपय बचतकर्ताले सहन नसकेर आत्महत्या समेत गरेका छन् । कतिपय भने डिप्रेसनमा गएका छन् । सहकारी सञ्चालकहरु भने बचतकर्ताको रकम तिरेर गरेर इमान्दारिता देखाउनुको साटो आफु र आफ्नो संस्थालाई बचाएर बचतकर्ताको रकम पचाउनतिर लागिपरेका छन् । अहिले सर्वसाधारण नागरिकले सहकारी ठग, चोर र फटाहा हो भनेर थाहा पाइसकेका छन् । अझै पनि सरकार भने यस्ता ठग, चोरलाई समात्दैन । सहकारीको दर्ता खारेज गर्दैन । केही दिनअघि सहकारी विभागले आफ्नो नियमन क्षेत्राधिकारभित्र पर्ने सहकारी संस्थाका लागि पाँच बुँदे निर्देशन जारी गरेको थियो ।

जसमा आगामी चैत्र मसान्तभित्र बचत फिर्ता गर्ने गरि कार्ययोजना बनाएर पठाउन भनिएको छ । तर, विभागले आम सर्वसाधारणलाई सहकारीमा रकम नराख्नुस् भनेर सचेत गराएन । यसले सहकारी सञ्चालक तथा कर्मचारीहरुले सीधासाधी र अशिक्षित जनतालाई बढी ब्याजको प्रलोभनमा पारेर फसाइरहेका छन् । जुनसुकै सहकारी सञ्चालक र कर्मचारी बजारमा पैसा उठाइरहेको वा हिँडिरहेको देखिएमा बचतकर्ताहरु कालोमासो दलेर प्रहरी चौकी लैजान्छन् । काठमाडौं उपत्यकाभित्र तथा बाहिर सबै

सहकारी बन्द भइसकेका छन् । त्यसमा पनि धेरै त भागेका छन् । करोडौं बचतकर्ताको २५ खर्ब बढी रकम सहकारी झण्डै ३५ हजार बढी सहकारीका सञ्चालक र कर्मचारीले पचाएका छन् । वृद्धा भत्तादेखि बालबच्चाहरुले आफ्नो खाजा कटौती गरेर बचत गरेको रकम समेत सहकारीले खाइदिएको छ । सहकारीले यत्रो बचतकर्ताको रुवाबासी बनाएको छ । घर न घाटको बनाएको छ । तर, सहकारी मन्त्री, सचिवहरु भने अझै पनि यस्ता ठग, चोर र दलालहरुसँग भेटघाट गरिरहेका छन् । सहकारी सञ्चालकहरु नचिन्ने तरिकाले लुकीछिपी बाटोमा हिँडेका छन् । कतिपय त मोबाइल स्विच अफ गरेर देश बाहिर पनि गएका छन् । सञ्चारमाध्यमले अब सर्वसाधारण जनतालाई सचेत गराउनुपर्छ । सहकारीमा बचत गर्नु हुँदैन भनेर जनचेतना फैलाउनुपर्छ ।

सरकारी निकाय विज्ञान बोर्डले न सहकारीमा रकम नराख्नुस् भनेर सर्वसाधारणलाई सचेत गरायो न सहकारीमा भएको आफ्नो रकम छिटोभन्दा छिटो निकाल्नुस् नै भन्यो । दशैंमा पनि सहकारीले बचतकर्ताको एक सुको फिर्ता गरेन । तिहारमा पनि गरेन । आम नागरिक र व्यापारीहरुले सहकारीमा बचत गर्न छोडेका छन् । नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान ब्यूरो (सीआइभी) ले बचतकर्ताको रकम फिर्ता नगर्ने कतिपय सहकारी सञ्चालकलाई नियन्त्रणमा समेत लिएको छ ।

अनुसन्धानको क्रममा उनीहरुले सम्पूर्ण कर्जा प्रवाह घरजग्गा, गाडी र सेयरमा गरेर बुझिएको छ । कोरोना महामारीका कारण पनि सहकारीमा समस्या आएको खुलेको छ । सहकारीमा रहेको आफ्नो रकम अझै फिर्ता आउँछ भन्ने आशा बचतकर्ताको समेत मेटिसकेको छ । एक लाखदेखि पन्ध्र करोडसम्म बचत गर्नेहरु अहिले सहकारी विभागमा धुरुधुरु रोइरहेको देखिन्छ । प्रहरी चौकी, वडा कार्यालय र नगरपालिकामा पनि बचतकर्ताहरुको उत्तिकै भीड छ । आनाको पाँच हजार नपर्ने खेतीयोग्य जमिनलाई घुसको आडमा धितो राखेर सहकारी सञ्चालकहरुले ८० लाखसम्म कर्जा प्रवाह गरे ।

बैंकले सय रुपैयाँ कित्तामा निष्काशन गरेको सेयरलाई पाँच हजार त भारतमा एक लाखमा पाइने गाडीलाई ३० लाख कर्जा प्रवाह गर्‍यो । अहिले घरजग्गा, गाडी र सेयरमा मन्दी छाएको छ । यिनीहरुको कारोबार ठप्प छ । पहिल्यैकै रेटमा घरजग्गा, गाडी र सेयर फर्किएको छ । बजारमा पसलहरु धमाधम बन्द हुन थालेका छन् । आर्थिक मन्दीका कारण व्यापारव्यवसाय सुक्दै गएको छ । सहकारीले राजनीतिक दलका नेता, सरकारी कर्मचारी, सञ्चारकर्मी, आम नागरिक सबैको पैसा खाइदिएको छ । सहकारीबाट नठगिएको व्यक्ति सायदै कोही होला । यस्ता ठगहरुलाई जेलमा लगेर थुन्नुपर्नेमा मन्त्री, सचिवहरु भेटघाट गर्छन् भने यसमा मिलेमत्तो देखिन्छ कि देखिदैंन ? दशैं र तिहार दुवैमा सहकारीले बचतकर्ताको रकम फिर्ता गरेन । त्यसकारण तिहार सकिएलगत्तै बचतकर्ताहरु सहकारीको सामान उठाउन लागिपर्ने छन् । सहकारी कति खेर भाग्छ भन्ने पत्तो छैन । त्यसैले, आफुले बचत गरेको रकम चाँडो निकालौं । सहकारीमा बचत गर्दै नगरौं । सहकारीको असली रुप जनता र सरकारसामु आइसकेको छ । त्यसैले भुलेर पनि सहकारीमाथि अब विश्वास गर्नुहुँदैन ।

अहिले सहकारीमा काम गर्नेहरुलाई घरपरिवार र आफन्तबाट काम छोड्न दबाब आइरहेको छ । बचतकर्ताहरुले कत्ते कुटेर प्रहरी चौकीमा त बुझाउँदैनन् भन्ने चिन्ता उनीहरुमा छ । डर बढेसँगै सहकारीमा कार्यरत कर्मचारीहरु जागिर नै छोडेर कोठा सरेका छन् । मोबाइलको सिमकार्ड परिवर्तन गरेका छन् । सहकारी सञ्चालकबाट आफ्नो नाम हटाउन कतिपय सहकारी सञ्चालकहरु नगरपालिका र सहकारी विभाग धाएका छन् । दुई वर्षअघि सहकारीको कार्यसमितिमा बस्न वा अध्यक्ष बन्न पार्टीको सदस्यजस्तै गाह्रो हुन्थ्यो । कार्यसमितिमा बसेपछि वा अध्यक्ष बन्नसाथ जतातत‌ैबाट घुस खान पाइन्थ्यो । उदाहरणका लागि एक करोड मूल्य पर्ने घरजग्गा धितो राखेर ६० लाख कर्जा प्रवाह गरिन्थ्यो । त्यसमा छ लाख त घुस नै खाइदिइन्थ्यो । पन्ध्र लाख पर्ने ट्याक्सी राखेर दश लाख ऋण दिइन्थ्यो । २० हजार घुस लिइन्थ्यो । यो पैसा सहकारीका सञ्चालक र अध्यक्षले मात्र पचाउँथे ।

संस्थाको नाममा भने दुई प्रतिशत सेवाशुल्क र १८ प्रतिशतदेखि ४८ प्रतिशतसम्म ब्याज जान्थ्यो । सबै सहकारीका सञ्चालकले घुसको प्रलोभनमा बचतकर्ताको रकम घरजग्गा, गाडी र सेयरलगायत जोखिमपूण क्षेत्रमा लगानी गरे । आज यस क्षेत्रमा मन्दी आएसँगै सहकारी त डुब्यो नै बचतकर्ताको पनि रकम डुबेको छ । सहकारीले आफ्नो जीवनभरको कमाइ खाइदिँदा बचतकर्ताहरु मर्नु कि बाँच्नु अवस्थामा पुगेका छन् । तर, उनीहरुको गुनासो र पीडा मन्त्री, सचिव सुन्दैनन् । सहकारी सञ्चालकसँग भेटघाट गरेर नै मन्त्री, सचिवलाई फुर्सद छैन । जनता ठग्ने सहकारीको नाइके राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मीनराज कँडेललाई अब सरकारले समातेर जेल हाल्नुपर्छ । बचतकर्ताले आफ्नो दुःखको कमाइ फिर्ता पाउनुपर्छ ।

सरकारी कर्मचारीहरू कहिलेपनि नसुध्रिने नै हुन् ?

नेपालीहरुको दोस्रो महान् चाड तिहार सकिएको छ । तिहार सकिएसँगै निजी कार्यालयहरु खुलेका छन् । तर, सरकारले दिएको सार्वजनिक बिदा भने अझैपनि सकिएको छैन् । सरकारी कार्यालयहरु बन्द छन् । बिदाको अवधिभर पनि बाटामा सरकारी गाडी छ्याप्छ्याप्ती देखियो । सरकारी कर्मचारीहरु आफ्ना आफन्त बोकेर सरकारी गाडीमा घुमघाममा मस्त थिए ।

जसले गर्दा राज्य कोषको दुरुपयोग भएको छ । झन् भाइटिकाका दिन सबैभन्दा बढी सरकारी गाडी गुडेको थियो । सरकारी कर्मचारीहरुलाई सरकारले तीन लाखदेखि पाँच करोड रुपैयाँसम्मको गाडी दिएको छ । दुई पाङ्ग्रे र चार पाङ्ग्रे सवारी साधन सरकारले दिने गरेको छ । त्यसमा लाग्ने पेट्रोलको भरपाइ पनि सरकारले गर्दै आएको छ । जुन जनताले तिरेको कर हो । सरकारी गाडीको दुरुपयोग हुनु भनेको जनताले तिरेको करको दुरुपयोग हुनु हो । सरकारी गाडीमा श्रीमती माइती पठाउने, गाउँ जाने कार्यले यो पटक पनि व्यापकता पायो । हरेक वर्ष यस्तो हुन्छ यद्यपि, सम्बन्धित निकाय टुलुटुलु हेरेर बस्छ । ड्युटीमा खटिएका ट्राफिक प्रहरीहरुले न सरकारी गाडीलाई समातेर सोधपुछ गरे न कारबाही । सरकारी कार्यालय बिदा भएको दिन सरकारी गाडी चलाउन नपाइने व्यवस्था छ ।

तर, सरकारी कर्मचारीहरुले अटेर गर्दै आएका छन् । आफैंले बनाएको ऐनकानुनलाई सरकारी कर्मचारीहरुले 'धोती न टोपी' बनाइदिएका छन् । बिदाको दिन आफैं आफन्त लिएर घुमघाममा निस्किन्छन्, अरु के भन्नु ? अधिकांशले बिदाका दिन गाडी चलाउन गृह मन्त्रालयबाट पास लिएको पाइँदैन । आफ्नै मर्जीले सरकारी गाडी चलाउँछन्, तिनलाई कसले कारबाही गर्ने ? हिजो दिँउसोको कुरा हो, टंगालस्थित भाटभटेनीमा सरकारी गाडी लिएर एक जना हाकिम सामान खरिद गर्न आएका थिए । त्यही छेउमा ट्राफिक उभिएका थिए तर उनले सोधपुछ सम्म गरेनन् । ट्राफिक प्रहरी मतलब नै गर्दैनन् अनि गाडीको दुरुपयोग हुनु स्वाभाविकै हो । ट्राफिक प्रहरीको काम उभिने र गफ ठोक्नेबाहेक केही पनि भएन । दिन कटाउने र माना पचाउने काम मात्रै ट्राफिकले गर्दै आएका छन् ।

ट्राफिक प्रहरीले न बिदाका दिन चलेका सरकारी गाडीको अनुगमन गर्छ न आयु कटेका सार्वजनिक यातायातका कागजात नै चेकजाँच गर्छ । बाटोमा २० वर्ष कटेका सार्वजनिक यातायात मज्जाले गुडिरहेको छ । तर, ट्राफिक टुलुटुलु रमिता मात्रै हेरिरहेको हुन्छ । ट्राफिक प्रहरीको कामप्रति सर्वसाधारणसमेत सन्तुष्ट छैनन् । ट्राफिकले आफ्नो जिम्मेवारी के हो ? भन्ने नै बिर्सिएको अवस्था छ ।

बाटोमा बसेर सवारी साधनको कागजात चेकजाँच गर्न ट्राफिक प्रहरीलाई लाज लाग्छ । जनताले तिरेको करबाट कामै नगरी लुगा लगाउन, बिहान बेलुका भात खान ट्राफिक प्रहरीलाई हीनताबोध महसुश हुँदैन ? ट्राफिक प्रहरीले आफ्नो जिम्मेवारी निष्ठापूर्वक पूरा नगर्दा राज्यको ढुकुटीमा आउनुपर्ने राजश्व गुमिरहेको छ । ट्राफिक प्रहरीले जति सवारी कारबाही गर्न सक्यो, त्यति नै राजश्व उठ्ने हो ।

नियम उल्लङ्घन गर्नेलाई त ट्राफिकले झ्याप्झ्यापी समात्नुपर्छ । सरकारी कर्मचारीहरुले आफूलाई 'राष्ट्र सेवक' कर्मचारी भन्दै आएका छन् । जसले सरकारी गाडीको दुरुपयोग गर्छ । राज्यलाई हानी नोक्सानी पुर्याउँछ । जनताले तिरेको कर आफ्नो व्यक्तिगत फाइदाका लागि उडाउँछ, ऊ'चाँहि 'राष्ट्र सेवक' कर्मचारी ! भन्न पनि लाजमर्दो । सरकारी कर्मचारीहरु कहिले पनि राष्ट्र र जनताप्रति जिम्मेवार नहुने भए ।

सरकारी कर्मचारीहरुको त बुद्धि पलाएन् । विडम्बना, तिनका परिवारको पनि बुद्धि आएन् । सरकारी सम्पत्तिको दुरुपयोग गर्नुहुँदैन् भन्ने कुरा त परिवारका सदस्यलाई पनि थाहा होला । सरकारी कर्मचारीले मासिक रुपमा तलब पाउँछन् । जागिरबाट अवकाश भइसकेपछि पनि सरकारले पेन्सन दिन्छ । सरकारी कर्मचारीले लगाएको पोशाक जनताले तिरेको करबाट खरिद गरिएको हो ।

गाडी, इन्धन र ड्राइभर त्यो पनि जनताले तिरेकै कर हो । यता, सरकारी कर्मचारीले खाने तलबभत्ता र पेन्सन पनि करबाटै पूर्ति हुन्छ । तर, कर्मचारीहरु यति 'ठग' भए कि के भन्ने ? 'फिल्ड' मा जाने नाममा झापझुप पारेर खाइदिन्छन् । पाँच दिन निरीक्षणस्थलमा पुगे भने १५ दिन भनेर भत्ता खाइहाल्छन् । गाडीमा ५० लिटर प्रेौल हाल्यो भने तीन सय लिटरको बिल बन्छ ।

त्यहाँ पनि खान्छन् । नयाँ गाडी आफन्तलाई सिकाउने, ठोक्काउने, कुचाउने अनि सरकारकै पैसाले मर्मत गर्ने । यहाँ पनि भ्रष्टाचार हुन्छ । एक लाख रुपैयाँ गाडी बनाउन लाग्यो भने

पाँच लाखको बिल बनाएर बाँकी रकम पचाइदिन्छन् । २० जना मिटिङमा छन् भने ५० वटा खाजा मगाउँछन् । बाँकी खाजाका पोका घरतिर दौडाउँछन् । सामानहरुमा समेत भ्रष्टाचार हुन्छ । एक लाखको सामान किने भने तीन लाखको बिल बनाउँछन् । नयाँ सामान ल्याउन नपाई बिगार्ने अनि घरतिर दौडाउने । कार्यालयका सामानहरु सबै कर्मचारीको घरमा हुन्छ । १० बजे कर्मचारी कार्यालयमा हाजिर भइसक्नुपर्छ । तर, १२ बजे हल्लिँदै पुग्छन् । छुट्टी ५ बजे हुन्छ तर कुर्सी २ बजे नै खाली भइसक्छ । अफिस आइसकेपछि पनि काम गरे त हुन्थ्यो । टेलिफोनमा घण्टौं आफन्तसँग कुरा गरेर बस्छन् । फेसबुक चलाउँछन् । एकअर्काको कोठामा गएर गफ छाडेर बस्छन् । कहिले घाम तापेर बसेका हुन्छन् । काम गर्ने त आक्कलभुक्कल मात्र हो । कुर्सीमा कोट त हुन्छ तर मान्छे कहाँ हो अत्तोपत्तो हुँदैन् । कर्मचारीहरुलाई खोज्दै हिँड्नुपर्ने बाध्यता छ । सेवाग्राहीको काम छिटोछरितो नगरिदिने । केही कुरा नबुझेर सोध्यो भने झनक्क तातिहाल्छन् । झर्किने, रिसाउने, सेवाग्राहीलाई राम्रो व्यवहार नगर्ने त कर्मचारीहरुको बानी नै हो ।

दलाली वा लेखनदासले लिएर गएको कामचाँहि तुरुन्त हुन्छ । जहाँ भन्यो त्यही हस्ताक्षर गरिदिन्छन् । लेखनदास र दलालीले कमिशन दिन्छन्, सीधासाधी सेवाग्राहीले दिन सक्दै नन् । सरकारी कर्मचारी नै दलाली भएपछि सर्वसाधारणले कसरी छिटोछरितो सेवासुविधा पाउँछन् ? राज्यको ढुकुटीमा राजश्व कसरी जम्मा हुन्छ ? अहिले मुलुकमा आर्थिक मन्दी छाएको छ । आम नागरिकलाई आर्थिक मन्दीले व्यापक प्रभाव परेको छ । राज्यले लक्ष्यअनुरुप राजश्व उठाउन सकेको छैन । सरकार सरकारी खर्च धान्न नसक्ने अवस्थामा पुगेको छ । यति हुँदासम्म पनि सरकारी कर्मचारीको चेत खुलेको छैन । आफ्नो काम निष्ठापूर्वक गर्नुपर्छ । राजश्व उठाउनुपर्छ । राज्यलाई हानि नोक्सानी पु-याउनु हुँदैन भन्नेतर्फ कर्मचारीको ध्यान नै छैन् । सरकार डुबाएर आफू कमाउनु छ, कर्मचारीहरुलाई । यहाँ ३२ हजार रुपैयाँदेखि लाख बढी खाने कर्मचारीसम्म छन् ।

मिटिङ भत्ता लिन्छन्, कमिशन खान्छन् । यता, देशविदेश पनि त्यतिकै घुम्छन् । चाडबाड पेश्की पनि पाउँछन् । सरकारले उनीहरुलाई चाहिनेभन्दा बढी दिएको छ । यहाँ मासिक १० हजारमा गुजारा गर्नेहरु छन् । सरकारी कर्मचारीहरुलाई त्यत्रो तलब दिएर पनि गाडी ! यो त अति नै भएन र ? सरकारी कर्मचारी चाहे हिँडेर आउन् या बसमा । त्यो जनता र सरकारलाई चासो नभएको विषय हो ।

सरकारले गाडी दिनु नै गलत छ । यो फोगट्टेको खर्च हो । राज्य सञ्चालकहरुले दलाली छन् अनि दलाली पोस्नु त कर्तव्य नै भइहाल्यो । मन्त्रालयमा सचिव, कार्यालयमा प्रमुख र विभागमा महानिर्देशक फेरिनेबित्तिकै गाडी पनि फेरिन्छ । अटोशोरुम सञ्चालकहरु कमिशनको प्रलोभन लिएर हाकिमकहाँ पुग्छन् । कमिशन आउने भएपछि हाकिमहरुले नयाँ गाडी किन्न अर्थ मन्त्रालयसँग बजेट माग्छन् ।

नयाँ हाकिमहरु पुराना हाकिमको गाडी चढ्दैनन् । नयाँ हाकिम आउनेबित्तिकै नयाँ गाडीको माग हुन्छन् । हाकिम सरुवा भएको भयै हुन्छन् । यता, गाडी फेरिएको फेरियै । कमिशन पाउने भएपछि मन्त्रालयले पनि सहजै बजेट दिन्छ । रोचक कुरा के छ भने अस्पतालमा बेड थप्न सरकारसँग बजेट हुँदैन्, गाडी किन्न भने जति पनि हुन्छ । ३०-३५ वर्ष पुराना निजी र भाडाका गाडी बाटामा गुडिरहेका छन् । सरकारले यो चाँहि देख्दैन । तर, सरकारी गाडीचाँहि किनेको एक वर्षमै पुरानो भएको देख्छ । सरकारले नै घिनलाग्दो खेल खेलिरहेको छ । कतिपय सरकारी कार्यालयमा नयाँ नयाँ सरकारी गाडी घाँस उम्रेर थन्किएको छ । कमिशनको लोभमा सरकारी कर्मचारीहरुले देश डुबाए ।

ट्राफिक प्रहरी आफ्नो कामप्रति जिम्मेवार हुन नसकेकै हो ?

तत्कालिन ट्राफिक प्रमुख मीरा चौधरीले दर्ता भएको मितिले बीस वर्ष पुगेका सवारीसाधनलाई पकाउ गर्न निर्देशन दिएकी थिइन् । कतिपय ट्राफिकले त यस्ता सवारीसाधन समातेर प्रहरी चौकी वा वैद्यखानामा समेत बुझाएको थियो । यातायात व्यवसायीहरुले तत्कालिन गृहमन्त्रीलाई बीस वर्ष पुगेका सवारीसाधन पत्रु गर्ने तथा नचलाउने भनेर ट्राफिकले नियन्त्रणमा लिएको गाडी छुट्याउन लगाउनुका साथै ट्राफिक प्रमुख चौधरीको समेत सरुवा गराउन लगाए । अहिले पनि बाटोमा बीस वर्ष कटेका सवारीसाधन धुँवाको मुस्लो फ्यालेर यात्रु बोकेर गुडेको छ । व्यवसायीहरुले न यस्ता सवारीसाधन पत्रु गराए न चलाउन नै छोडे । नेपाल यातायात राष्ट्रिय महासंघका अध्यक्ष विजय स्वाँर र सार्वजनिक यातायात केन्द्रिय महासंघका अध्यक्ष डोलनाथ खनाल भन्छन्, ‘ यदि चौधरीको सरुवा नगरिएको भए उहिल्यै २० वर्ष पुगेका सवारीसाधन चलाउन पाइदैंन्थ्यो ।’

अहिलेका ट्राफिक प्रमुख पोषराज पोखरेलले बीस वर्ष पुगेका सवारीसाधन पकाउ गर्न चासो देखाएका छैनन् । यातायात व्यवसायीसँगको आर्थिक लेनदेनमा उनले यस्ता सवारीसाधन अहिले पनि बाटोमा गुड्न दिइरहेको कतिपयको आरोप छ । बाटोमा ड्युटीमा खटिएका ट्राफिकै अगाडि २० वर्ष पुगेका गाडी गुडिरहेको हुन्छ, पार्किङ गरेर राखिएको हुन्छ । तर, ट्राफिक त्यस्ता सवारीसाधनलाई नियन्त्रणमा लिदैंन । ड्युटीमा खटिएका कतिपय ट्राफिकलाई किन २० वर्ष पुगेका सवारीसाधन नसमातेको ? भनेर सोध्दा उनीहरु भन्छन्, ‘हामीलाई यसबारे थाहा छैन । माथिबाट निर्देशन आएको छैन ।’ ट्राफिक २० वर्ष पुगेका सवारीसाधनको रोडपर्मिट लिन्छ अनि पाँच सयको चिट काटेर छोडिदिन्छ ।

सवारी चालकहरु पनि रोडपर्मिट मात्र दिन्छन् । बिलबुकमा गाडी दर्ता मिति लेखिँदा ट्राफिकले समात्छ भनेर उनीहरु दिदैंनन् । सरकारले २० वर्ष पुगेका सवारीसाधनको नामसारी, बिलबुक नवीकरण, रोडपर्मिट, प्रदूषण चेकजाँचलगायत कार्य गर्न छोडिसकेको छ । बीमा कम्पनीले पनि यस्ता सवारी साधनको बीमा गर्दैनन् । यातायात व्यवसायीहरु भन्छन्, ‘ट्राफिकले नसमातेसम्म चलाइरहने हो ।’ ट्राफिकले समातेपछि यस्ता गाडी चलाउन नपाइने उनीहरुआफैं बताउँछन् । २०७१ भदौ १९ गतेको मन्त्रिपरिषद्को बैठकले २० वर्ष पुगेका सवारीसाधन हटाउने निर्णय गरेको थियो । यो निर्णय फागुन १८ गते राजपत्रमा प्रकाशित गरियो ।

२०७२ चैत्र १ गतेको क्याबिनेट बैठकले ०७३ फागुन्न १७ गतेबाट बागमती प्रदेश र ०७४ चैत्र १ गतेबाट देशैभरबाट यस्ता सवारीसाधन हटाउने निर्णय गर्‍यो । बागमती प्रदेश सरकारले गत ज्येष्ठ ७ गते २० वर्ष पुगेका सवारीसाधन ३५ दिनभित्र पत्रु गराउन सूचना जारी गर्‍यो ।

तर, ट्राफिक प्रमुख पोखरेल यातायात व्यवसायीसँगको आर्थिक लेनदेनमा सरकारले गरेको निर्णय कार्यान्वयन नगरि दराजमा थन्काइरहेका छन् । ट्राफिक प्रवक्ता भने अनुगमन गरि यस्ता सवारीसाधनलाई कारबाही गरिरहेको दाबी मात्र गर्छन् । बाटोमा ड्युटीमा खटिएका ट्राफिकले भने कुनै पनि गाडीको चेकजाँच गरेको देखिदैंनन् । बाटोमा ट्राफिक-ट्राफिक गफ गरेर बसिरहेको देखिन्छ । कतिपय त मोबाइलमा पनि व्यस्त देखिन्छन् । ट्राफिकले गाडीको कागजपत्र चेकजाँच नगर्न राज्यको ढुकुटी राजस्वविहीन भएको छ । कतिपय सवारीचालकसँग गाडीको बिलबुक, रोडपर्मिट र लाइसेन्स हुदैंन । तर, उनीहरु बाटोमा गाडी गुडाउनुको साटो उडाइरहेका हुन्छन् । यसरी गाडी चलाउँदा दुर्घटनाको जोखिम अत्याधिक हुन्छ । ट्राफिक प्रहरी भने यस्ता सवारीचालकको पनि लाइसेन्स, बिलबुक र रोडपर्मिट चेकजाँच गर्दैनन् । ट्राफिक एकातिर चेकिङ्ग गर्दैनन् अर्कोतिर गल्ती गर्ने सवारीसाधनलाई केही गरि पकाउ गरे यतिकै वा पाँच सयको मात्र चिट काटेर छोडिदिन्छ । बाटोमा थोत्रा, पुराना र कबाडी गाडी चलेका छन् । ट्राफिक भने उभिएर टुलुटुलु हेरेर बस्छ । ट्राफिकले यातायात व्यवसायीसँग लिनुपर्ने १७ वटा विषयवस्तुको राजस्व तथा यातायात कार्यालयले १५ वटा विषयवस्तुमा लिनुपर्ने राजस्व ३५ वर्षदेखि बढेको छैन । ट्राफिक प्रमुख पोखरेल अहिले पनि यातायात व्यवसायीसँग चियाखाना खानमै व्यस्त छन् ।

संघ र प्रदेशस्थित यातायात मन्त्रालयहरु भने २० वर्ष पुगेका सवारीसाधन पकाउ गर्न पत्र लेखिसकेको बताउँछन् । यसरी ट्राफिक प्रमुख पोखरेलले यातायात व्यवसायीसँग पैसा खाएर यस्ता सवारीसाधन पकाउ गर्न निर्देशन नदिएको भन्ने कुरा लुकाएर लुक्दैंन । कानून कार्यान्वयन गर्ने निकाय नै पैसामा बिकेपछि कसरी २० वर्ष पुगेका सवारीसाधन हट्छ । यस्ता गाडी नहट्दा दुर्घटनाको जोखिम बढिरहेको छ । यात्रुले महंगो भाडा तिरेपनि सेवासुविधा पाएका छैनन् । सहरको सुन्दरतामा गिरावट आएको छ भने ट्राफिक जाम बढेको छ । ट्राफिक प्रमुख पोषराज पोखरेलले अब कि त २० वर्ष पुगेका सवारीसाधन पकाउ गर्न निर्देशन दिनुपर्छ

कि गृह मन्त्रालयले उनको सरुवा गरिदिनुपर्छ ।

बाटोमा २४ वर्ष पुरानो ट्याक्सी, २७ वर्षे माइक्रो बस र ३१ वर्षे ग्याँस ट्याम्पो गुडेका छन् । तर, यो ट्राफिक देख्दैंन । काठमाडौंको भोटाहिटी, रत्नपार्कअगाडि ३० वर्ष पुगेका हरियो माइको बस पार्किङ गरेर राखिएको हुन्छ । ट्राफिक भने चेकिङ्ग गर्दैनन् । उल्टो सवारी चालकसँग गफ गरेर बसिरहेको देखिन्छ । ट्राफिक प्रहरी नै जनता र राष्ट्रको हितमा काम नगरि सीमित व्यवासयीको हितमा काम गर्न लाग्दा राज्यको ढुकुटीमा कसरी राजस्व संकलन हुन्छ । कसरी कानून कार्यान्वयन हुन्छ ? कसरी सरकारले ट्राफिक प्रहरी, सरकारी कर्मचारी, जनप्रतिनिधिहरुलाई तलबभत्ता खुवाउँछ ? सेवासुविधा दिन्छ ?

ट्राफिकले गल्ती गर्ने सवारीसाधनलाई कारबाही गर्दा लिनुपर्ने जरिवाना पाँच हजारदेखि पन्ध्र हजारसम्म बनाउनुपर्छ । यसले मुलुकको अर्थतन्त्रमा टेवा पुग्नेछ । सरकारी खर्च धान्न सरकारलाई सहज हुनेछ । ०४९ सालभन्दा पछि यात्रुले यातायात व्यवसायीलाई तिर्नुपर्ने भाडा तीस गुणा बढेको छ । तर, सरकारले व्यवसायीसँग लिनुपर्ने राजस्व ज्युँको त्युँ छ । सरकारी कर्मचारीहरुको तलब पनि बढ्यो, महंगी पनि बढ्यो । सरकारले भने यातायात व्यवसायीसँग लिनुपर्ने राजस्व यति लामो समयावधिदेखि किन बढाएन ? सरकारले ०४९ सालको यातायात ऐन र ०५४ सालको यातायात नियमावली हालसम्म परिवर्तन गरेको छैन । ०४९ सालपछि निर्वाचन आयोगले जनताले तिरेको खरबौं रकम खर्चेर निर्वाचन गरायो । धेरै जनप्रतिनिधि चुनिएर आए । सदन धेरै पटक चल्यो । तर, कसैले पनि यातायात ऐन र नियमावली संशोधन गर्न आवाज उठाएन । यसमा पनि यातायात व्यवसायीकै चलखेल रहेको प्रमाणित हुन्छ । चार दशकदेखि हरियो/कालो प्लेट ट्याक्सी, फोस्टक ट्याम्पो र ढुवानी गाडीको नयाँ दर्ता खुलेको छैन । अहिले पनि २० वर्ष पुरानो ट्याक्सी र ग्याँस ट्याम्पोको स्काइभ गरेको नम्बरप्लेट एक लाखदेखि तीनलाखसम्म यातायात कार्यालयमा खुलेआम बिक्रीवितरण भइरहेको छ । ०७७ माघ महिनामा यस्ता सवारीसाधन पत्रु गराउने र रोडपर्मिट, दर्ता खारेज गरिदिने निर्णय भएको थियो । गत साउनको पहिलो हप्तामा सात वटै प्रदेशका यातायात मन्त्री, मुख्यमन्त्री, संघीय यातायातमन्त्री तथा यातायात व्यवस्था विभागका महानिर्देशक भेला भएर ११ बुँदे निर्णय गरे । निर्णयमा २० वर्ष पुगेका सवारीसाधनको लत्ताकट्टा गर्ने तथा यातायात क्षेत्रमा भएको सिण्डिकेट र बेथिति हटाउने पनि भनिएको थियो । आज पनि सिण्डिकेट कायमै छ । नयाँ ट्याक्सीको दर्ता खुलेको छैन । २० वर्ष पुगेका सवारीसाधनको स्काइभ गरेको नम्बरप्लेटमा विद्युतीय सवारीसाधन दर्ता भइरहेका छन् । सरकार न राजस्व बढाउन सक्छ न सिण्डिकेट हटाउन सक्छ । अनुगमन गरेर समेत कारबाही गर्न सक्दैंन । यातायात व्यवसायीको अघि सरकार लाचार बनेको छ ।

ट्राफिक प्रहरीले अनुगमनमा तीव्रता दिनुपर्छ । २० वर्ष पुगेका सवारीसाधन पकाउ गरि यातायात कार्यालय, प्रहरी चौकी वा वैद्यखानामा बुझाउनुपर्छ । सवारी चालकले मदिरा सेवन गरि गाडी चलाइरहँदा पनि ट्राफिक चेकजाँच गर्दैन । आम नागरिक ट्राफिकको कामप्रति सन्तुष्ट छैनन् । ट्राफिकले आफ्नो काम जिम्मेवारीपूर्वक निर्वाह गर्न नसकिरहेको बताइन्छ । बाटोमा ट्याक्सी मीटरमा यात्रु बोक्न मानिरहेको हुदैंन । न त यात्रुले भनेको ठाउँमा जान मान्छ । बस, माइको बसले सरकारले तोकेको भन्दा बढी भाडा यात्रुसँग लिइरहेको हुन्छ । कोचाकोच यात्रु हालेको हुन्छ । तर, ट्राफिक देख्दैंन ।

काठमाडौं उपत्यकाभित्रका मात्र ट्राफिक होइन, मुलुकभरका ट्राफिक आफ्नो कामप्रति जिम्मेवार हुन सकेका छैनन् । उनीहरु बाटोमा ड्युटीमा त खटिरहन्छन् । तर, घाम ताप्ने र उभिनेबाहेक केही काम हुदैंन । सरकारी काम कहिले जाला घाम भनेर सर्वसाधारणले गफ गर्थे । त्यो अहिले ट्राफिकमा लागू भएको छ । अझै पनि ट्राफिक आफ्नो कामप्रति जिम्मेवार नभए सर्वसाधारण जनता छिटै ट्राफिक चाहिदैंन भन्दै सडकमा उत्रिनेछन् ।

शंखरापुर नगरपालिकाको अनुरोध

१. बालबालिकालाई निरुत्साहित गरौं र विवाह ऐन उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
२. सरसफाईमा ध्यान दिउँ र फोहोर मैला जथाभावी नफालौं । ३. सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
४. कर तिर्नु सबै नागरिकको कर्तव्य हो । कर तिरौं सभ्य नागरिकको परिचय दिऔं । ५. लैंगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
६. सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
७. सार्वजनिक स्थलमा धम्रपान मद्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गरौं ।

रमेश नापित
नगर प्रमुख

समिता श्रेष्ठ
नगर उप-प्रमुख

बासुदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत

शंखरापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काठमाडौं, बागमती प्रदेश, नेपाल

सरकारको बेवास्ताले थप उग्र बन्न सक्छ दुर्गा प्रसाईंको आन्दोलन !

सरकार जनताको अभिभावक हो । जनतालाई कुनै व्यक्ति वा संघसंस्थाले ठगे भने तिनलाई कारबाही गर्ने पनि सरकार नै हो । विवादास्पद मेडिकल व्यवसायी दुर्गा प्रसाईंले एक वर्षअघि बैंक तथा वित्तिय संस्थाको ज्यादतीबारे बोलेका थिए । बैंक, सहकारी र लघुवित्तले आम नागरिकलाई आत्महत्या गर्नुपर्नेसम्मको स्थितिमा पुर्‍याएको उनले बताएका थिए । उनले पटकपटक सो कुरा भने तर सरकारले सुनेन ।

सरकारले बेवास्ता गरेपछि उनले बैंक, सहकारी तथा लघुवित्तका सञ्चालकलाई कालोमोसो दल्ने र जुत्ताको माला लगाउने घोषणा गरे । यसले एक किसिमको आतंक नै फैलायो । तैपनि सर्वसाधारण प्रसाईंकै समर्थनमा थिए । किन कि बैंक तथा वित्तिय संस्थाले गरेको ज्यादतीले सीमा नाघिसकेको थियो । बैंक तथा वित्तिय संस्थाका कारण लाखौंले आफ्नो जायजेथो गुमाइसकेका थिए, सयौंले ज्यान गुमाइसकेका थिए ।

तर, सर्वसाधारणको पीडा कसले देख्ने ? सर्वसाधारणहरु बैंक, सहकारी, लघुवित्तलाई 'चोर' भन्दै आएका थिए । यद्यपि, उनीहरुले यो कुरा बाहिर ल्याउन सकेका थिएनन् । उनीहरु नेतृत्वको खोजीमा थिए । त्यतिबेलै प्रसाईं निस्किए । उनले बोल्दासमेत बैंकका सञ्चालकहरुको सातो उड्थ्यो । प्रसाईंदेखि डराएका बैंक तथा वित्तिय संस्थाका सञ्चालकहरु त्यसपछि आफ्नो गुहार लिँदै उच्च पदस्थहरु कहाँ पुगे ।

उनीहरुले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', गृहमन्त्री नारायणकाजी श्रेष्ठ, राष्ट्र बैंकका गर्भनर महाप्रसाद अधिकारीसँग आफ्नो कुरा राखे । उनीहरु माग थियो, 'हाम्रो विरोधमा बोल्नेलाई कारबाही गर्नुपर्छ । हामीले सर्वसाधारणलाई लुट्न पाउनुपर्छ ।' उनीहरुले सरकारसँग सुरक्षाको समेत माग गरेका थिए । सरकारले सर्वसाधारण ठग्ने बैंक तथा वित्तिय संस्थाका सञ्चालक र कर्मचारीलाई कारबाही गर्नुपर्थ्यो तर उल्टो भयो । गृहले बैंक तथा वित्तिय संस्थाको विरोधमा बोल्नेलाई कारबाही गर्नु भनि ७७ जिल्लाकै सिडियो कार्यालयलाई पत्राचार गर्‍यो । जबकी पीडामा सर्वसाधारण थिए । पीडितले बोल्न पनि नपाउने ? बैंक तथा वित्तिय संस्थाका कारण कति सुकुम्बासी भए ? सरकारसँग तथ्याङ्क छ ? व्यापार गर्ने नाममा सर्वसाधारणलाई आत्महत्या गर्नपर्ने अवस्थामा पुर्‍याउन पाइन्छ ?

सरकारले सर्वसाधारण ठग्न बैंक तथा वित्तिय संस्थालाई थप प्रोत्साहन गर्‍यो । मुलुकको उच्च पदस्थहरुलाई हातमा लिएर बैंक, सहकारी, लघुवित्तले ठग्दै आएको प्रष्टै छ । ठग्न पनि नछोड्ने अनि बोल्न पनि नदिने । आफू ठगिएको भनेर पीडा राख्न पनि नपाउनु ? बैंक तथा वित्तिय संस्थाले ऋणीको एक करोडको धितो ५० लाखमै खाइदिन्छन् । मीटरब्याजमा लगानी गर्छन् ।

जनतालाई सहुलियतपूर्ण ऋण दिने भनेर स्थापना गरिएको बैंक तथा वित्तिय संस्थाले हजारौंको उठीबास लगाइदिएका छन् । करोडपतिहरु सडकपति बनेका छन् । नाफा कमाउन जे पनि गर्न पाइन्छ ? बैंक तथा वित्तिय संस्था 'दलाल' हरुको संस्था हो भन्ने कुरा सर्वसाधारणले थाहा पाइसकेका छन् । विडम्बना, सरकारले चिन्दैन । गृहमन्त्री श्रेष्ठले केही समयअघि

बैंकका सिईयोहरुलाई बोलाएर भोज लगाए । सर्वसाधारण पीडामा छन्, सरकार पीडकहरुलाई बोलाएर भोज लगाउँछ । देशको सरकार नै माफियाहरुको पक्षमा छ अनि सर्वसाधारणले कसरी न्याय पाउँछन् ? बैंक तथा वित्तिय संस्थाका कारण करोडौं जनता पीडामा छन् । चाहे त्यो ऋणी होस् या निक्षेपकर्ता । प्रसाईंले यो विषयलाई उठाए । जसका कारण सर्वसाधारण उनको पक्षमा लागे । जब प्रसाईंले आन्दोलनको शुरुवात गरेका थिए, उनले तब राजतन्त्रको विषयमा बोलेका थिएनन् ।

न हिन्दूराज्यको माग गरेका थिए न व्यवस्थामाथि धावा बोलेका थिए । उनले बोलेको बैंक तथा वित्तिय संस्थाको विरोधमा मात्रै थियो, त्यो पनि सर्वसाधारणको हितमा । तर, सरकारले नसुन्दा अहिले उनी उग्र भए । कुरा सडकसम्म आइपुग्यो । सरकार नै प्रसाईंदेखि झस्किनुपर्ने अवस्थामा पुगेको छ । सर्वसाधारणलाई सडकमा उत्रिन बाध्य बनाउने प्रधानमन्त्री प्रचण्ड, गृहमन्त्री श्रेष्ठ, अर्थमन्त्री डा प्रकाशशरण महत र गर्भनर अधिकारी हुन् ।

सरकारले बेलैमा सर्वसाधारणको कुरा सुनेको भए, आज सडकसम्म आउनुपर्ने स्थिति नै बन्दैन्थ्यो । बैंक तथा वित्तिय संस्थाको ठगीधन्दाको विरोधमा शुरु भएको आन्दोलन अहिले राजतन्त्रपट्टी मोडिएको छ । सर्वसाधारणहरुले गणतन्त्र चाँहिदन् भन्न थालिसकेका छन् । यता, लघुवित्त पीडितहरुले पनि आन्दोलनको घोषणा गरिसकेका छन् । यता, सहकारी पीडितहरु पनि उत्तिकै छन् ।

सरकारले सर्वसाधारण ठग्ने बैंक, सहकारी र लघुवित्त सञ्चालकलाई कारबाही गर्ने हो भने अहिलेको यो आन्दोलन सकिन्छ । सरकारले बेवास्ता गर्दा त आम नागरिकले व्यवस्थामाथि प्रश्न उठाएका हुन् । ५० लाखको धितो राखेर ऋणीले १० लाख रुपैयाँ पाउँछन् । बैंकहरुले कर्जा दिने बेलामा ९ प्रतिशतको दरले दिन्छ । तर, त्यसको एकाध महिनामै १८ प्रतिशत व्याज पुर्याईदिन्छन्, त्योपनि ऋणीलाई सोध्दै नसोधी । ऋणीहरुले कर्जा लिने बेलामा पनि घुस खुवाउनुपर्छ । यता, तीन किस्ता नतिर्नेबित्तिकै बैंकहरुले धितो खाइदिन्छ । ५० लाखको धितो १० लाखमै खाइदिएपछि ऋणीहरु सुकुम्बासी भएनन् ? यो त बैंकको कुरा । सहकारी र लघुवित्तले दिएको पीडा झन् ठूलो छ । सहकारी र लघुवित्तले ६० प्रतिशतसम्म ब्याज लिएको कुरा पनि यसअघि सार्वजनिक भइसकेको छ । प्रधानमन्त्री प्रचण्डले भन्दै आएका छन्, 'यो व्यवस्था कसैले उल्टाउन सक्दैन् ।' तर, के कारणले सर्वसाधारण सडकमा आएका छन् ? भन्ने उनलाई थाहा छैन । सर्वसाधारणले राजा चाहेका छैनन् । हिन्दूराज्य उनीहरुलाई चाहिएको छैन् । सरकार 'एक्सन' मै नगएपछि बाध्य भएर उनीहरुले राजतन्त्रको माग गरेका हुन् । राज्य सञ्चालककै कारणले राजतन्त्र र हिन्दूराज्यको कुरा उठेको स्पष्ट छ । यतिबेला गल्ती प्रसाईंको होइन, राज्य सञ्चालकहरुको देखिएको छ । जनताको मुद्दा-मामिला, समस्यामा सरकार गम्भीर हुनुपर्ने हो । जनता कुन अवस्थामा छन् ? उनीहरुका के-के समस्या छन् ? सरकारले यी कुरा बुझ्नुपर्छ । त्यसको निकास जनतालाई दिनुपर्छ । तर, सरकारमा बस्नेहरु सबै माफियाको पक्षमा भए । जनताप्रति कोही जिम्मेवार नै छैनन् । जसले आफ्नो पक्षमा बोल्छ, उसको पछाडि लाग्नु स्वाभाविकै हो । अहिले ठ्याक्कै त्यस्तै भएको छ । अधिकांशको घरजग्गा, सेयर, गाडी बैंकको नाममा छ । यसअघि पनि पटकपटक ब्याज मँहगो भयो भन्दै आन्दोलन भयो । जिल्ला-जिल्लाबाट सर्वसाधारण आन्दोलन गर्न काठमाडौं आए । कालोपट्टी बाध्य जिल्लामा पनि प्रदर्शन गरियो । तर, सरकारले वास्ता गरेनन् । लघुवित्तले दिएको तनावका कारण महिलाहरुले आत्महत्या गरे । दिनभर जंगलमा गएर लुकेर बस्ने र राति घर फर्किनेसम्मको अवस्था लघुवित्तले बनाइदिएको थियो ।

यो कसैको व्यक्तिगत समस्या होइन् । यद्यपि, सरकारले त्यस्तै गर्‍यो । अनि विकल्प आन्दोलनबाहेक केही रहेन । सरकारले बैंक तथा वित्तिय संस्थाका सञ्चालकलाई कारबाही गर्छौं भन्ने हो भने अहिलेको आन्दोलन त्यत्तिकै तुहिन्छ । जनता आ-आफ्नो घर फर्किन्छन् । बैंक तथा वित्तिय संस्था पीडितको आन्दोलनको फाइदा पूर्वराजा ज्ञानेन्द्र र राप्रपाले लिएको छ । अझपनि सरकार टुलुटुलु हेरेर बस्ने कि ? आन्दोलनमा आएका सर्वसाधारणलाई लाठीले कुट्ने र अश्रुग्याँस प्रहार गर्ने हो भने उनीहरु झनै उग्र हुन्छन् । सरकारले उनीहरुको समस्या बुझेर समाधानको बाटो समात्न अबेर भइसकेको छ । बैंक तथा वित्तिय संस्थाले राजनीतिक दल, सुरक्षाकर्मी, सरकारी कर्मचारी, पत्रकार, व्यापारी, सर्वसाधारणलगायत सबैको पैसा खाइदिएका छन् । सबैलाई ठगेका छन् । हरेकले बैंक तथा वित्तिय संस्थाको ठगीको बारेमा आवाज उठाइरहेका छन् तर सरकार सुन्दैन् । प्रसाईं एउटा व्यक्ति हो । व्यक्तिले आह्वान गर्नेबित्तिकै यत्रो जनता सडकमा आए । सर्वसाधारण कति पीडामा रहेछन् भन्ने त यहाँबाट प्रष्ट भयो । प्रचण्डले आन्दोलनमा आएका सर्वसाधारणको आवाज सुनिदिनुपर्छ । मुलुक मुठभेडतर्फ लैजानु भएन् । सरकारले नसुन्ने हो भने आन्दोलन झन् ठूलो बन्न सक्छ ।

धोती र टोपी

(गद्यकविता)

धोती मधेसी जातिको राष्ट्रिय परिचय हो
टोपी पहाडी जातिको राष्ट्रिय परिचय हो
नेपाली स्वाभिमान कतै धोती त कतै टोपी
आज पनि हामी धोती र टोपीमा सङ्कुचित घेरामा बाँचेका रहेछौं
धोती र टोपी
टोपी र धोती
वास्तवमा धोती राष्ट्रिय दिवस हो, टोपी राष्ट्रिय दिवस हो, उत्सव मनाऔं
धोती र टोपीभन्दा गर्व गरौं, गर्व गर्न सिकौं, यो नै हाम्रो महान परिचय हो
सामाजिक सन्जालमा अफवाह होइन, भाइचाराको मित्रता राखौं
धोती र टोपीका नाममा न धोती न टोपी कहिल्यै नबनौं ।

धोती तराईको मान, सान र गौरवको विषय हो
टोपी पहाड र हिमालको मान, सान र गौरवको विषय हो
धोती र टोपी देशका मान, सान र गौरवका विषय हुन्
हिमाल, पहाड, तराई कोही छैनौं पराई
धोती र टोपी
टोपी र धोती
वास्तवमा धोती राष्ट्रिय दिवस हो, टोपी राष्ट्रिय दिवस हो, उत्सव मनाऔं
सामाजिक सन्जाल अफवाहले रङ्ग्याउने होइन, सामाजिक सद्भाव बचाऔं
धोती र टोपीभन्दा गर्व गरौं, गर्व गर्न सिकौं, यो नै हाम्रो महान परिचय हो
धोती र टोपीका नाममा धोतीनटोपी कहिल्यै नबनौं ।

धोतीलाई रगत अभाव हुँदा टोपीले रगत दिनुपर्छ
टोपीलाई रगत अभाव हुँदा धोतीले रगत दिनुपर्छ
भाइचाराको सम्बन्ध युगौंयुग बच्नुपर्छ, बचाउनुपर्छ
अब धोतीले पनि टोपी लगाऔं टोपीले पनि धोती लगाऔं
धोती र टोपी
टोपी र धोती
वास्तवमा धोती राष्ट्रिय दिवस हो, टोपी राष्ट्रिय दिवस हो, उत्सव मनाऔं
हिमाल, पहाड, तराई कोही होइनौं पराई
धोती र टोपीभन्दा गर्व गरौं, गर्व गर्न सिकौं यो नै हाम्रो महान परिचय हो
धोती र टोपीका नाममा न धोती न टोपी कहिल्यै नबनौं ।

गद्यकवि : लक्ष्मीप्रसाद ढकाल
दर्शनाचार्य
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

बुढानिलकण्ठ नगरपालिकाको अनुरोध

» बालविवाहलाई निरुत्साहित गरौं र विवाह ऐन उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
» सरसफाईमा ध्यान दिउँ र फोहोर मैला जथाभावी नफालौं ।
» सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
» कर तिर्नु सबै नागरिकको कर्तव्य हो । कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
» सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
» सार्वजनिक स्थलमा धम्रपान मद्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गरौं ।
» लैंगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।

मिठाराम अधिकारी नगर प्रमुख
अनिता लामा नगर उप-प्रमुख
तुल्सीराम अर्याल प्रमुख प्रशासकीय अधिकृत

बुढानिलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, काठमाडौं, नेपाल

संस्कार र व्यवहार सहितको शिक्षा.....

PROSPECTUS

+2
- Science
- Management
- Humanities
- Education
- Law

नेपाली तथा अंग्रेजी दुवै माध्यममा बढाई हुने



Proposed

BBA **BA** **BSW** **BBS**

AAKASH DEEP COLLEGE

Gokarneshwor-7, Dakshindhoka, Kathmandu
+977-01-4911658, 4910797, 4910299
collegeaakashdeep@gmail.com
www.aakashdeep.edu.np
Aakash Deep School

14th ANNIVERSARY

CLASSIC TECH
छोयो कि चल्यो

I AM

Fast	Reliable	Benefactor
(Swift)	(Trustworthy)	(Provide various offer)

T & C Applied*

WHO AM I ?

पैसा सस्तो
Speed रोजेको जस्तो

150 Mbps With Router & STB

200 Mbps With Router & STB

250 Mbps With Router & STB

www.classic.com.np

sales@classic.com.np

+977-9801004477